| ८) डुबन्त ऋण कोष | ५% |
| १०) सामुदायिक विकास कोष | ५% |

**२. सम्पत्तीहरु**

सम्पत्ती भन्नाले विगतका घटनाक्रमहरुले गर्दा निकायको नियन्त्रणमा आएको त्यस्ता आर्थिक श्रोतहरुलाई जनाउँछ जसको उपयोगबाट निकायले भविष्यमा आर्थिक लाभ प्राप्त गर्नसक्ने सम्भावना आङ्कलन गरेको हुन्छ । वासलात

मितिमा संस्थाको नियन्त्रण रहेको तथा भविष्यमा आर्थिक लाभको आङ्कलन गरिएको नगद, बैंक खाता, लगानी उपकरण, कर्जा तथा सापटी, स्थिर सम्पत्ती लगायतका सम्पूर्ण सम्पत्तीहरुलाई संस्थाको वासलातमा समावेश गरिएको छ।

**२.१. कर्जा तथा सापटी**

यस शीर्षक अन्तर्गत सदश्यलाई प्रत्यक्ष रुपमा प्रदान गरिएका अल्पकालीन कर्जा, दीर्घकालीन कर्जा तथा अन्य विभिन्न किसिमका कर्जाहरु पर्दछन्। यस संस्थाले कर्जा तथा सापटलाई कर्जा प्रवाह भएको मितिमा लेखाङ्कन गरी र कर्जा चुक्ता भुक्तान गरेको मितिमा फर्छ्यौट भएको जनाईने नीति लिएको छ। प्रस्तुत आ. ब. मा समेत कोरोना भाईरस (Covd-19) को महामारीले संसारलाई आक्रान्त पारिरहेकोले सदस्यहरुबाट समयमा कर्जा तिर्न असमर्थ भएको कारण जनाई मौखिक तथा लिखित जानकारी गराएको कारण सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस आ.ब.को पौषभन्दा पछाडि भाखा नाघेका कर्जाहरुको नबीकरण तथा थप कर्जा समेत प्रबाह गरेको छ।

**२.२. लगानी**

नेपाल सरकारले जारी गरेको ऋणपत्र, नेपाल बैंकले जारी गरेको ट्रेजरी बिल वा सहकारी ऐनले निर्धारण गरेको अन्य लगानी लगायतका नियमित रुपमा व्याज तथा लाभांश आर्जन गर्ने, स्वदेशी बैंकमा राखिएका शेयर र मुद्दती निक्षपलाई वासलातमा “लगानी” शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ।

अल्पकालीन लगानीलाई लागत वा उचित बजार मूल्य मध्येको कम रकममा लेखाङ्कन गरिन्छ। असुली मूल्य (**Realizable Value**) मा हुने गिरावटलाई नाफा–नोक्सान हिसाबमा प्रस्तुत गरिन्छ। लगानीको असुली मूल्य पुन वृद्धि भएमा लगानीको लागतको हदसम्मको वृद्धिलाई आम्दानी जनाइन्छ।

दीर्घकालीन लगानीलाई प्राय लागतमा देखाइन्छ। सो लगानीमा स्थायी रुपमा आएको गिरावटलाई मात्र नाफा नोक्सान हिसाबमा खर्च भनेर लेखाङ्कन गरिन्छ। गिरावट आउनुको कारण बिध्यमान नरहेको खण्डमा सो गिरावट रिभर्सल गरिन्छ।

**२.३. स्थिर सम्पत्तीहरु**

स्थिर सम्पत्तीहरु त्यस्ता पूँजीकृत सम्पत्ती **(tangible items)** हुन् जसलाई एक आर्थिक वर्षभन्दा बढी अवधिका लागि सेवा आपूर्ति गर्न वा कार्यालयको प्रशासनिक कामकाजमा प्रयोग गरिन्छ। स्थिर सम्पत्तीहरु अन्तर्गत संस्थाको स्वामित्वमा दर्ता रहेका भवन तथा जग्गा, कार्यालय उपकरण तथा फर्निचर, सवारी साधनहरु, बहालमा लिएको भवनमा बिकास गरिएको सम्पत्ती **(leasehold assets)** तथा निर्माणाधीन अवस्थामा रहेका सम्पत्तीहरु पर्दछन्।

पूँजीकृत सम्पत्तीको उपयोगबाट भविष्यमा प्राप्त गर्ने आर्थिक लाभको अवसर प्रबल रहेको आङ्कलन गर्नुका साथै यस्तो सम्पत्तीको सही लागत रकम समेत स्थापित भएको अवस्थामा मात्रै स्थिर सम्पत्तीको रुपमा पहिचान एवम् लागतको लेखाङ्कन गरिन्छ। स्थिर सम्पत्तीको लागतको गणना गर्दा खरिद मूल्यको अतिरिक्त व्यवस्थापनको योजना अनुरुप सो सम्पत्तीलाई सञ्चालनमा ल्याउनु पूर्व आवश्यक अन्य खर्च जस्तै भन्सार महसुल, ढुवानी, जडान तथा परीक्षण खर्च, आदि सम्पूर्ण सम्बन्धित खर्चहरु समेतलाई पूँजीकृत गरिन्छ। स्थिर सम्पत्तीको सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु **(subsequent costs)** लाई स्थिर सम्पत्तीको पहिचान गर्ने मापदण्ड पूरा गरेको अवस्थामा मात्र सम्पत्तीको रुपमा पहिचान गरिन्छ। सम्पत्तीमा पहिचान गर्न मापदण्ड पूरा नगर्ने त्यस्ता खर्चहरुलाई नाफा नोक्सान हिसाबमा खर्च लेखाङ्कन गरिन्छ।

स्थिर सम्पत्तीको किताबी मूल्य **(carrying amount)** लाई निसःर्गका बखत वा सो सम्पत्तीको प्रयोगबाट भविष्यमा आर्थिक लाभ प्राप्त हुनसक्ने अवस्था कायम नरहेमा अपलेखन **(derecognize)** गरिन्छ। स्थिर सम्पत्ती अपलेखन गर्दा सिर्जना हुने नाफा वा नोक्सानलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ।

स्थिर सम्पत्तीको किताबी मूल्य भन्नाले लागत रकमबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षय नोक्सानीको रकम घटाई आएको खुद रकमलाई जनाउँछ। एक वर्षभन्दा बढी आयु भएका तर रु. २,०००/- भन्दा कम लागत परेका वस्तुहरु खरिद गरिएको वर्षमा नै खर्च जनाइन्छ।

स्थिर सम्पत्तीको लेखाङ्कनका लागि संस्थाले निरन्तर रुपमा लागत विधि **(Cost Model)** अपनाउँदछ।

**२.४. अभौतिक सम्पत्तीहरु (Intangible Assets)**

भविष्यमा लाभ प्राप्त हुनसक्ने तथा लागत मूल्य एकिन गर्न सकिने अभौत्तिक सम्पत्तीलाई लागत मूल्यमा लेखाङ्कन गरिन्छ। अभौतिक सम्पत्ती अर्न्तगत संस्थाले खरिद गरेको **Software** पर्दछ। संस्थाले खरिद गरेको **software** को सम्पत्ती लेखाङ्कन गर्दा खरिद मूल्यमा सञ्चित ह्रासकट्टी तथा अन्य सञ्चित क्षय नोक्सानी घटाइन्छ। **Software** खरिद वा बिकास गर्दा अन्य खर्च लागेको भए सो खर्चका कारणले संस्थाले भविष्यमा कुनै आर्थिक फाईदा आर्जन गर्न सक्ने अवस्था देखिएमा मात्र उक्त खर्चलाई पूँजीकृत गरिन्छ, अन्यथा, नाफा नोक्सान हिसाबमा खर्च जनाइन्छ। **Software** को ह्रास कट्टी **Deminishing Balance** ह्रासकट्टी विधि अनुसार नै गरिएको छ।

अभौतिक सम्पत्तीको किताबी मूल्य रकम **(carrying amount)** लाई निःसर्गका बखत वा सो सम्पत्तीको प्रयोगबाट भविष्यमा आर्थिक लाभ प्राप्त हुनसक्ने अवस्था कायम नरहेमा अपलेखन **(derecognize)** गरिन्छ। स्थिर सम्पत्ती अपलेखन गर्दा सिर्जना हुने नाफा वा नोक्सानलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ।

**२.५ मसलन्द मौज्दात विवरण (Inventory of Stationery)**

मसलन्द मौज्दात अन्तर्गत कार्यालयको प्रशासनिक कामकाज एवम् सेवा प्रवाहका दौरानमा सामान्यतया एक पटकको प्रयोगमै सम्पूर्ण रुपमा खपत हुने विभिन्न प्रकारका सामग्रीहरु जस्तै कागज तथा कागज जन्य फाईल, भौचर, फारम, इत्यादि सामग्रीहरु, प्रिन्टर तथा फोटोकपीमा प्रयोग हुने मसी, डेबिट तथा क्रेडिट कार्ड, कलम, लगायतका सामाग्रीहरुलाई प्रस्तुत गरिन्छ।

संस्थाले मात्रै प्रयोग गर्न मिल्ने खालका केही विशेष प्रकृतिका वस्तुहरु बाहेकका मसलन्दलाई लागत **(Cost)** वा **Net Realizable Value** मध्येको कम मूल्यका आधारमा मापन गरिन्छ। विशेष प्रकृतीका वस्तुहरुलाई लागत वा **Replacement Cost** मध्येको कम मूल्यका आधारमा मापन गरिन्छ। संस्थाले मसलन्दहरुलाई खरिद गरिएको समयमा खर्च लेखाङ्कन गर्ने नीति लिएको छ।

**२.६ भुक्तानी प्राप्त गर्न बाँकी ब्याज (Interest Receivables)**

संस्थाका सदश्य तथा कर्मचारीलाई प्रदान गरिएको कर्जा खाताहरुमा प्रत्येक दिनको अन्त्यमा बक्यौता रहने साँवा रकममा दैनिक रुपमा गणना हुने ब्याज रकम तथा संस्थाले लगानी गरेका उपकरणहरुमा दैनिक रुपमा आर्जित हुने ब्याज रकमलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। ग्राहकलाई प्रदान गरिएको कर्जा रकममा आर्जित ब्याज रकमलाई सदस्यबाट नगद भुक्तानी प्राप्त नभएसम्म यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ भने नगद भुक्तानी प्राप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा आय जनाईन्छ।

**२.७ अग्रिम भुक्तानी (Prepayments)**

भविष्यमा प्राप्त गरिने सेवाहरु जस्तै बीमा, भवनको बहाल, सञ्चार सेवा, करार अन्तर्गतका मर्मत सम्भार सेवा र अन्य विविध सेवाहरुको आपूर्तिका लागि अग्रिम रुपमा भुक्तानी गरिने रकम नै अग्रिम भुक्तानी हो। संस्थाले अग्रिम भुक्तानी गरिएको रकमलाई भुक्तानी मितिमा पूर्ण मूल्यमा सम्पत्तीका रुपमा लेखाङ्कन गरी सेवाको आपूर्ति भएको मितिमा वा सेवाको समयावधी समाप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा खर्च जनाईने नीति लिएको छ।

**२.८ सुरक्षण धरौटी (Security Deposits)**

सेवा प्रदायकबाट प्राप्त गरिने धारा, बत्ती, टेलिफोन ईत्यादि सेवाका लागि अग्रिम सुरक्षण वापत जम्मा गर्ने रकमलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। सेवाको आपूर्तिमा निरन्तरता रहेसम्म र उक्त सेवाको आपूर्ति बन्द गर्ने कुनै मनसाय नभएसम्म त्यस्तो सुरक्षण रकमलाई सुरक्षण धरौटीका रुपमा प्रस्तुत गरिन्छ।

**२.९ गैर बैंकिङ्ग सम्पत्ती (Non Banking Assets)**

ऋणीबाट ऋणकर्जा चुक्ता भुक्तानी नभएको अवस्थामा संस्थाले कानुनी प्रक्रिया अवलम्बन गरी असुलीको सम्पूर्ण प्रयास गर्दा समेत ऋण असुली नभएमा त्यस्तो ऋणको सुरक्षण वापत ऋणीले संस्थाको नाममा धितोबन्धक दिएको अचल सम्पत्तीहरु संस्थाले कानुनी प्रक्रिया मार्फत आफ्नो स्वामित्वमा लिएको अवस्थामा सो सम्पत्तीहरुको मूल्याङ्कन गरी यस शीर्षक अन्तर्गत वासलातमा प्रस्तुत गरिन्छ। साथै त्यस्ता अचल सम्पत्तीहरु सम्बन्धित सरकारी निकायबाट संस्थाको स्वामित्वमा नामसारी भई आएको मितिमा गैर बैंकिङ्ग सम्पत्ती अन्तर्गत लेखाङ्कन गरिनु पर्दछ र यस्तो सम्पत्तीको बजार मूल्य स्वतन्त्र मूल्याङ्कनको आधारमा प्रमाणित गराउनु पर्दछ। यस्तो सम्पत्तीको बिक्री भएको मितिमा गैर बैंकिङ्ग सम्पत्ती निसर्ग भएको मानिन्छ र बिक्रीबाट प्राप्त रकमलाई बक्यौता ऋण रकम असुलउपर गर्न

उपयोग गरिन्छ। यस संस्थाले विगतका आ.ब. देखि नै यस्ता सम्पतिलाई स्थिर सम्पत्ती अन्तर्गत लेखाङ्कन गर्दै आएकोमा प्रस्तुत आ.ब.मा गैर बैंकिङ्ग सम्पत्ती शीर्षकमा रकमान्तर गरेको छ।

**२.१० पट्टा (Leases)**

संस्थाको कुनै प्रकारको पट्टाको कारोबार छैन।

**३ दायित्वहरु**

समूहका दायित्व अन्तर्गत सापटीहरु, निक्षेपहरु, भुक्तानी दिनुपर्ने लाभांश, बक्यौता व्याजहरु, पाकिनसकेको आम्दानी, विविध साहुहरु तथा अन्य दायित्वहरु पर्दछन्।

**३.१. निक्षेपहरु**

सदस्यको निक्षेप खाताहरुमा रहेको स्वदेशी मुद्राका अनिवार्य निक्षेप, ऐच्छिक बचत निक्षेप, ऐच्छिक आवधिक निक्षेप तथा अन्य निक्षेपहरु यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। निक्षेप संस्थामा जम्मा भएको मितिमा लेखाङ्कन गरिन्छ र भुक्तानी भएको मितिमा निक्षेपको फछ्र्यौट भएको मानिन्छ।

**३.२. कर्जा जोखिम कोषको व्यवस्था**

संस्थाले ऋण लगानी तर्फ वर्षान्तमा असुल गर्न बाँकी कुल लगानीमा रहेको ऋण रकमलाई असुलीको अवस्थाको आधारमा असल ऋण (भाखा ननाघेको), शंकास्पद ऋण (१ देखि १२ महिना सम्म भाखा नाघेको) र खराब ऋण (१२ महिना भन्दा बढी भाखा नाघेको) मा वर्गीकरण गरिएको छ। यसरी वर्गीकरण गरिएका ऋणहरूको लागि व्यवस्था गरिएको ऋण जोखिम व्यवस्थापन कोष निम्नानुसार रहेको छ।

| ऋण वर्गीकरण | दर (प्रतिशत) |
|---|---|
| असल कर्जा | १ |
| शंकास्पद कर्जा | ३५ |
| खराब कर्जा | १०० |

**३.३. भुक्तानी दिनुपर्ने लाभांश**

संस्थाको साधारणसभाबाट स्विकृत भईसकेको तर सदस्यहरुले भुक्तानी लिन बाँकी रहेको लाभांश रकमलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। लाभांश रकम साधारणसभाबाट पारित भएको मितिमा कुल मूल्यमा यस शीर्षक अन्तर्गत लेखाङ्कन गरिन्छ र सदस्यहरुले नगद भुक्तानी लिएको मितिमा फछ्र्यौट गरिन्छ।

**३.४. बक्यौता व्याजहरु**

सदस्यका निक्षेप खाता, संस्थाले लिएको अन्य सापटीमा प्रत्येक दिन गणना हुने व्याज रकम सो व्याज प्राप्त गर्ने व्यक्ति वा निकायले नगदमा भुक्तानी लिइनसकेको अवस्थामा यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ। संस्थाले नगदमा भुक्तानी दिएको मितिमा नाफा नोक्सान हिसाबमा खर्च जनाईन्छ।

**३.५. अन्य बक्यौता खर्चहरु**

अन्य बक्यौता खर्चहरु जसको भुक्तान समय तथा भुक्तान गर्नुपर्ने रकम यकिन हुँदैन जस्तै व्यवसायिक सेवा खर्च, सञ्चार खर्चहरु इत्यादि, त्यस्ता अन्य बक्यौता खर्चहरु विगतको खर्च तथा उपभोगको मात्रा, दोस्रो पक्ष सँगको समझदारी आदिको आधारमा अनुमान गरेर लेखाङ्कन गरिएको छ। यस्ता खर्चहरु विजकको प्राप्ति वा विलका आधारमा पछि फर्छ्यौट गरिने गरिन्छ।

**४ आय**

आर्थिक वर्षको कार्यसम्पादनका दौरान सम्पत्तीमा वृद्धि वा दायित्वमा कमी भई सदस्यहरुको ज्येथाको वृद्धि गराउने व्याज आय, शुल्क तथा कमिशन, विदेशी विनिमय कारोबारबाट भएको आय, कार्ड कारोबारबाट आर्जित आय, सम्पत्ती तथा दायित्वको निसर्गबाट प्राप्त लाभ इत्यादि शीर्षकहरुलाई सो वर्षको आयमा लेखाङ्कन गरिन्छ।

**४.१. व्याज आय**

व्याज आम्दानी अन्तर्गत स्वदेशी मुद्राका कर्जा तथा लगानी उपकरणहरुबाट आर्जित हुने व्याज पर्दछन्। ऋणमा आउने व्याज आम्दानीलाई प्राप्तिका आधार **(cash basis)** मा लेखाङ्कन गरिन्छ। अन्य लगानीमा व्याज आम्दानी प्रोदभावी आधार **(accrual basis)** मा लेखाङ्कन गरिन्छ।

**४.३. लाभांश आय**

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ। खरिद गरिएको समयमा सो समयभन्दा अघिको नाफाबाट घोषणा गरेको लाभांशलाई खरिद समयको अघि वा पछिको लाभांश भनी छुट्याउन कठिनाई नहुन्जेल लागतको असुलीको रुपमा लेखाङ्कन गरिन्छ। खरिद समयको अघि वा पछिको लाभांश भनी छुट्याउन कठिनाई भएमा उक्त लाभांशलाई सोझै आम्दानीको रुपमा लेखाङ्कन गरिन्छ।

**४.४. अन्य आय**

अन्य आय प्रोदभावी आधार **(accrual Basis)** मा लेखाङ्कन गरिन्छ।

**५ खर्चहरु**

आर्थिक वर्षको कार्यसम्पादनका दौरान दायित्वमा वृद्धि वा सम्पत्तीमा कमी भई सदस्यहरुको ज्येथामा ह्रास आउने व्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, जोखिम व्यवस्था खर्च, इत्यादि शीर्षकहरुलाई सो वर्षको नाफा नोक्सान हिसाबमा खर्च लेखाङ्कन गरिन्छ।

**५.१. व्याज खर्च**

सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटीमा पाकेको व्याजलाई पाकेको आधारमा **(accrual accounting)** लेखाङ्कन गरिन्छ।

**५.२. ह्रास कट्टी खर्च**

ह्रास योग्य सम्पत्तीको उपयोगिता अवधिभर नाफा नोक्सान हिसाबमा गरिने प्रणालीगत खर्चको विनियोजनलाई ह्रास कट्टी खर्चका रुपमा लेखाङ्कन गरिन्छ। छुट्टै पहिचान गर्न सकिने प्रत्येक स्थिर सम्पत्तीको छुट्टा छुट्टै रुपमा ह्रासकट्टी गरिन्छ। कुनै पनि सम्पत्ती व्यावसायिक उपयोगमा आएपछि वा उपयोग योग्य भएपछि स्थिर सम्पत्तीमा लेखाङ्कन गरी ह्रासकट्टीको गणना गर्न गरिन्छ।

देहायका सम्पत्तीमा घट्दो ह्रासकट्टी दर प्रणाली **(diminishing balance method)** अनुसार अनुमानित उपयोगिता अवधिको आधारमा ह्रासकट्टी गरी नाफा-नोक्सान हिसाबमा खर्च लेख्ने गरिन्छ।

| सम्पत्तीको प्रकृति | ह्रासकट्टी दर |
|---|---|
| फर्निचर | २५ प्रतिशत |
| कार्यालय उपकरण | २५ प्रतिशत |
| सवारी साधन | २० प्रतिशत |
| अफिस सेटअप | १५ प्रतिशत |
| भवन | ५ प्रतिशत |

पट्टामा लिएका सम्पत्ती उपर गरिएका पूँजिकृत खर्चहरु पूँजिकृत पट्टा अवधिभर (साधारण तया ५ वर्ष पाकेको आधारमा **(accrual basis)** परिशोधन गरिन्छ।

**५.३. आयकर खर्च**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ। चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजस्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो। आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानुन) वासलात मितिमा लागू भएका दर हुन्। सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ।

(सम्पत्ती तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर र कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ती (वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ती (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च को लेखाङ्कन गरिन्छ।

स्थगन कर सम्पत्तीलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तीको रुपमा पहिचान गरिदैन। स्थगन कर सम्पत्ती तथा दायित्वलाई एक अर्कामा मिलान गरी खुद रकमलाई

वासलातमा प्रस्तुत गर्नु पर्दछ तर यस संस्थाले प्रस्तुत आ. ब. सम्म स्थगन कर आम्दानी तथा खर्च व्यावस्था गर्ने गरेको छैन ।

यस आ.व. २०७७/७८ को आयकर खर्च १०% को हिसाबले रू. १०२३२०४/- व्यवस्था गरेको छ ।

**५.४. कर्मचारी खर्च**

संस्थाले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन् :

**५.४.१ कर्मचारी खर्चका प्रकार**

- अल्पकालीन कर्मचारी खर्चहरु, जस्तैः तलब, भत्ता, नाफा नोक्सान बाँडफाँडमा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण कर्जा)
- सेवाबाट निवृत्त भएपछि भुक्तानी हुने उपदान, सञ्चय कोष आदि ।

अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति (पारितोषिक) प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सिर्जना भएमा गरिन्छ ।

**५.४.३ उपदान,सञ्चय कोष तथा अन्य सुविधा**

तोकिएको सेवा अवधि वा परीक्षणकाल व्यतित भएपछि संस्थाका स्थायी कर्मचारीहरु संस्थाको सेवाबाट निवृत्त हुँदा प्रदान गर्ने गरी योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७५ अनुसार उपदान तथा सञ्चय कोष र अन्य कोषको व्यवस्था गरे तापनि प्रस्तुत आ.ब. सम्म सो रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छैन । योगदान योजना **(Defined Contribution Plan)** र यसमा संस्थाको दायित्व, कोषमा योगदानका लागि सहमति गरेको अंकको हदसम्म मात्र सिमित रहन्छ । फलस्वरुप, एक्चुरियल **(actuarial)** जोखिम (लाभको अंक अपेक्षित भन्दा कम हुनसक्ने तथा लगानी जोखिम (स्वतन्त्र निकायले गरेको लगानीबाट अपेक्षित लाभ वितरण गर्न नपुग्नु सम्बन्धित संचय कोषमा र कर्मचारीहरुमा नै निहित रहन्छ । संस्थाको स्वीकृत विनियमावलीमा भएको व्यवस्था बमोजिम कर्मचारीहरु प्रतिको उपदान तथा सञ्चय कोषको दायित्व गणना गरी पाकेको आधार **(accrual basis)** मा नाफा नोक्सान हिसाबमा खर्च लेखिन्छ । सञ्चय कोष वापतको दायित्व प्रत्येक महिना निसर्ग गरिन्छ। प्रत्येक वासलात मितिसम्म उपदान वापतको दायित्व अग्रीमरुपमा गणना गरी आर्थिक वर्षको अन्तिम महिनामा फरफारक गर्ने गरिन्छ तर उपदान वापतको दायित्वको गणना गर्दा संस्थाले **Actuarial valuation** भने गरेको छैन ।

**५.४.४ कर्मचारी बोनस खर्चः**

बोनस ऐन अनुसार कर तिर्नु अघिको खुद नाफाको १०% का दरले कर्मचारी बोनसको व्यवस्था गर्नुपर्ने मा सहकारी ऐन २०७४ तथा नियमावली २०७५ ले कर तथा जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष तथा सहकारी प्रवर्द्धन कोष पश्चात उपलब्ध रकमबाट कर्मचारी बोनस बापत व्यवस्था गर्न अनिवार्य गरेकोले सोही ऐन तथा नियमावली अनुसार आ.व.२०७७/७८ मा को कर्मचारी बोनस बापत रू. २५७,६६९ व्यवस्था गरेको छ ।

**६ सम्भावित दायित्वहरु**

सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन् ।

- विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता संभावित दायित्वहरु जसको अस्तित्व भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्नेछ, जुन संस्थाको नियन्त्रणभन्दा बाहिर रहेको हुन्छ, वा
- विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु ।
- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको,
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

उपरोक्त बाहेक थाहा भएसम्मको सम्पूर्ण सारभूत दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा निस्कने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई संभावित दायित्व अन्तर्गत देखाइन्छ ।

## ७. वासलात मिति पछिका घटनाहरु

वासलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल वा प्रतिकुल घटनाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नका लागि अनुमोदन गरिएको मितिका बीच घटित हुन्छन् । वासलातको मितिको अन्त्यमा सो घटनाहरु घटित हुने अवस्थाको प्रमाण हुने घटनाहरु प्रतिविम्बित हुने गरी वित्तीय विवरणमा लेखाङ्कन गरी सम्बन्धित खुलासाहरु पनि समायोजित गरिन्छ । वासलातको मितिको अन्त्यमा सो घटनाहरु घटित हुने अवस्थाको प्रमाण नहुने घटनाहरु वित्तीय विवरणमा समायोजन गरिँदैन ।

## ८ सम्बन्धित पक्षहरुसँग सम्बन्धित खुलासा

सहकारी संस्थाको सञ्चालक समितिका सदस्य तथा मुख्य व्यवस्थापनका सदस्यहरूलाई सम्बन्धित पक्ष भनिएको छ । उनीहरुको विवरण यसप्रकार रहेको छ ।

| **सम्बन्धित पक्षको नाम** | **संस्थासँगको सम्बन्ध** |
|---|---|
| **महेन्द्र बहादुर कार्की** | सञ्चालक समितिको कोषाध्यक्ष |
| **मिलन बाबु मल्ल** | सञ्चालक समितिको सदस्य |
| **अनिता राउत ओली** | सञ्चालक समितिको सदस्य |
| **देबेन्द्र प्रसाद बर्तौला** | सञ्चालक समितिको सदस्य |

**सञ्चालक समितिका सदस्यसँगको कारोबार**

| **विवरण** | **यस वर्षको** | **गत वर्षको** |
|---|---|---|
| बैठक भत्ता | १६४७०६ | २८७०६० |
| अन्य सुविधा (यातायात भत्ता) | ५०८६९५ | ३३२८३८ |
| **जम्मा** | **६७३४०१** | **६१९८९८** |
| ऋण कर्जा तथा अन्य पाउनुपर्ने | **३४५२१०००** | **९०५९२०५** |
| मिनाहा गरिएको पाउनुपर्ने तिर्नुपर्ने रकम | | |

**व्यवस्थापक** **कोषाध्यक्ष** **सचिव** **उपाध्यक्ष** **अध्यक्ष** **लेखापरीक्षक**

N.B. Bhandari & Associates, Lalitpur

**सदस्य** **सदस्य** **सदस्य** **सदस्य** **सदस्य** **सदस्य** **सदस्य**

# फलास बहुउद्देश्य सहकारी संस्था लि.

धुम्बाराही, काठमाण्डौ

# लामो फारम लेखापरीक्षण प्रतिवेदन

**भाग १**

## परिचय

**१. लेखापरीक्षण टोली**

- लेखापरीक्षण फर्म एन.बि.भण्डारी एन्ड एसोसिएट्सबाट निम्नअनुसारको लेखापरीक्षण टोली यस संस्थाको लेखापरीक्षामा संलग्न रहेको थियो:
    - प्रोप्राइटर – नारायण बहादुर भण्डारी
    - सदस्य – धुर्ब ढकाल
    - सदस्य – बसन्त बहादुर भण्डारी
- लेखापरीक्षण फर्म एन.बि.भण्डारी एन्ड एसोसिएट्स, यसका प्रोप्राइटर नारायण बहादुर भण्डारी तथा लेखापरीक्षण टोलीका अन्य सदस्यहरु स्वतन्त्र रहेको जानकारी गराइन्छ ।

**२. लेखापरीक्षण पहुँच**

- पालना गरिएका मानकहरु
  लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको ।
- लेखापरीक्षकीय जोखिम लेखाजोखा तथा अपनाइएका अल्पीकरण (मिटीग्रेसन) का उपायहरु
  वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएका वित्तीय विवरण उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्टयाई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएका ।
- नमुना तथा छनौट प्रक्रिया
  लेखापरीक्षणको क्रममा कर्जा फाईल छनौट, खर्च तथा आम्दानीको भौचिङ्ग गर्न, कर्मचारीको फाईल हेर्न, खरिद प्रक्रिया हेर्न जस्ता प्रक्रिया पुरा गर्दा नमुना तथा छनौट प्रक्रियालाई आधार मानिएको छ ।
- विधिगत सिमा
    - कर्जा फाईल: पाँच लाखभन्दा बढी कर्जा सीमा भएका, लामो समयदेखि कर्जा तथा व्याज भुक्तानी नगरेका, कर्मचारीको कर्जा तथा BOD सदस्यहरुका नामका कर्जाहरुलाई प्राथमिकताका साथ नमूना छनौटमा पारिएको छ ।
    - खर्च: एकपटकमा एउटै शीर्षकको रु. १०,०००/- भन्दा बढी भएका खर्चहरुलाई प्राथमिकताका साथ नमूना छनौटमा पारिएको छ ।

**३. कार्ययोजना कार्यान्वयनमा टिप्पणी**

- व्यवस्थापकीय सहयोग
  लेखापरीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु उपलब्ध भएका छन् । आवश्यक तथा पर्याप्त व्यवस्थापकीय सहयोगको लागि व्यवस्थापन प्रति आभारी छौं ।
- अभिलेखको पर्याप्तता
  स प्रतिवेदनमा सम्बन्धित वासलात र नाफा नोक्सान हिसाब तथा तत्सम्बधी अनुसूचीहरु तयार गर्न तथा आफ्नो राय प्रदान गर्न सस्थाले राखेको अभिलेख र सम्बन्धित कागजात तथा सूचना पर्याप्त रहेका छन ।

**भाग २**

## सदस्य केन्द्रीयता

**४. सहकारी संस्थाको कार्यक्षेत्र (दर्ता हुँदाको, पछि बिस्तार भएको वा ऐनको दफा १८ वा प्रादेशिक वा स्थानीय कानुनका व्यवास्था बमोजिम पुन निर्धारण भएकोमा सो समेत जनिने गरी हाल कायम रहेको कार्यक्षेत्रको विवरण)**

काठमाण्डौ उपत्यका भित्रका काठमाण्डौ, भक्तपुर र ललितपुर ।

**५. कार्यक्षेत्र केन्द्रीयता (मौजुदा कार्यक्षेत्र भित्र र बाहिर छुटिने गरी सदस्य सङ्ख्याका साथै संकलित बचत तथा लगानीमा रहेको ऋणको विवरण)**

संस्थाका सम्पूर्ण सदस्यहरु कार्यक्षेत्र भित्रकै रहेको । निक्षेप तथा ऋणको विवरण निम्नाअनुसार रहेको छ :

| विवरण | यस वर्षान्तको जम्मा | गत वर्षान्तको जम्मा |
|---|---|---|
| बचत संकलन | २२८,७५०,२६३ | १९१,९७४,९५३.५९ |
| ऋण लगानी | २४९,१०१,४३६ | २०९,९८९,२०९.१२ |

**६. गैरसदस्यीय कारोबार** ( सदस्य र गैर सदस्यसंग संकलित बचत तथा लगानीमा रहेको ऋणको विवरण):

संस्थाले गैरसदस्यीय कारोबार गरेको देखिएन ।

७. **कृतिम व्यक्तिको सदस्यता** (ऐनको दफा ३० को उपदफा (२) र (३) वा प्रदेशिक वा स्थानीय कानुनको व्यवस्था बमोजिम र त्यस बाहेकको अन्य कृतिम व्यक्तिको सदस्यताको नाम, नामेसी, ऐनको दफा ३२ को उपदफा (२) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्था बमोजिम त्यसयता हालसम्म सदस्यता अन्त्य गरिएको कृतिम व्यक्तिहरुको नाम, नामेसी र हाल कायम रहेका कृतिम व्यक्ति सदस्यहरुसँग संकलित बचत उठाउन बांकी ऋण तथा अन्य लगानीको नाम, नामेसीसहितको विवरण) :

ऐनमा कारोबार गर्न मिल्ने भनिएको बाहेक अन्य कृतिम व्यक्तिसँग कारोवार गरेको पाईएन ।

**८. दोहोरो सदस्यता** (ऐनको दफा ३२ को उपदफा (१) वा प्रादेशिक वा स्थानीय कानुनका व्यवास्था बमोजिम त्यसयता हालसम्म अर्को सहकारी संस्थासँग दोहोरो परी यता पटट्री सदस्यता अन्त्य गरिएको सदस्यहरुको सङख्या):

उल्लेख गरिएको कारणबाट कुनै पनि सदस्यहरुको सदस्यता खारेज गरिएको छैन ।

**९. ऋणका खातिर सदस्यता** (ऋण लिने सिलसिलामा सदस्य बनेर ऋण चुक्ता भएपछि सदस्यता अन्त्य गरेका व्यक्तिहरुको यथासम्भव नमूना छनौट जाँचेका आधारमा विवरण)

धेरैजसो सदस्यहरु उल्लेख गरिएको सिलसिलामा सदस्य भएको देखिँदैन । संस्थाले भएका यस्ता सदस्यहरुको सम्बन्धमा उचित निर्णय लिई संस्थाको दीर्घकालीन कारोवारको लागि प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

**१०. लक्षित सदस्यता** (महिला न्यून आय समूह, अपाङगता भएको व्यक्ति, दलित समूहलगायतको बर्गीकृत सदस्य सङख्याका साथै प्रति सदस्य औसत बचत रकमभन्दा बढी र घटी बचत गर्ने सदस्य सङख्याको अनुपातमा समेत लक्षित बर्गमा सहकारी संस्था आधारित भए, नभएको आङ्कलन) :

सम्पूर्ण आधारहरु हेर्दा र संस्थाको अवस्थिती हेर्दा लक्षित वर्गमा सहकारी संस्था आधारित भएको देखिदैन ।

**११. निष्क्रिय सदस्यता** (विगत तिनवटा वार्षिक साधारणसभाको औसत उपस्थिति र तत्काल कायम रहेको सदस्यहरुको औसत सङख्याको अनुपातसमेतको आधारमा निष्क्रिय सदस्यताको आङ्कलन र ऐनको दफा ३४ को उपदफा १ को खण्ड (ख) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम त्यस्ता सदस्यहरुको सदस्यता अन्त्य गरिएको विवरण) :

सदस्यहरुलाई सक्रिय, निस्क्रिय र कालोसूचीमा परेको छुटाइएको छैन । निस्क्रिय सदस्यको सदस्यता कानुनी तवरले खारेज नगरिएको ।

१२. **सदस्य केन्द्रीयताको स्तराङ्कन** (विभागबाट स्वीकृति सदस्य केन्द्रीयता सूचाङ्कमा सहकारी संस्थाको मानका साथै यस भागको माथिका बुँदा एवम् विवरण समेतको आधारमा सहकारीपनको ज्ञापकको रुपमा सदस्य केन्द्रीयताका अवस्थामा राय)

बुँदा नं ११ मा उल्लेखित विवरण र व्यवस्थापकीय प्रतिवेदनमा उल्लेखित कैफियत बाहेक संस्थाको सदस्य केन्द्रीयता सन्तोषजनक पाइयो ।

## भाग ३

## आन्तरिक नियन्त्रण

१३. **नगदको सुरक्षा** (राखनधरनको सीमा, दोहोरो ताल्चा व्यवस्था, सुरक्षा प्रबन्ध काउन्टर, ढुकुटी औ स्थानान्तरण बिमा, अन्यत्रको मौज्दातको अवस्था आदि) :

संस्थाको काउन्टर कारोवार, भल्ट र मार्गस्थलको लागि बीमा गरेको पाईयो । यस वर्षको अन्त्यमा जम्मा नगद मौज्दात रु २,७८६,७३०/- रहेको छ । यो रकम विमा रकमको सीमा भित्र नरहेको तर अन्य महिनामा भने सीमा नाघेको पाइएन ।

१४. **तरलता व्यवस्था** (नीति, अनुपात, संरचना आदि)

२०७८ आषाढ मसान्तमा संस्थाले १६ प्रतिशतको हाराहारीमा तरलता कायम गरेको देखिन्छ । सहकारी ऐनले निर्धारण गरेको न्यूनतम तरलता अनुसार कायम रहेको देखिन्छ ।

१५. **ऋण कार्यविधी** (ऋण नीति, ऋण आवश्यकताको लेखाजोखा, कागजात छानविन प्रक्रिया, धितोको मूल्याङ्कन, ऋणको व्यक्तिगत सिमाङ्कन आदि):

व्यवस्थापकीय प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु बाहेक सहकारीको ऋण कार्यविधी सामान्य रहेको देखिन्छ ।

१६. **सूचना प्रविधीको उपयोगमा नियन्त्रण** (प्राविधिक भरपर्दोपन, कार्यविधीमा आन्तरिक जाँच (इन्टरनल चेक) बिन्दुहरुका साथै जाँचकीय स्वतन्त्रता (इन्डेपेन्डेन्स) का निर्धारक, प्रशासकीय प्रत्याभूती, कर्मचारीको प्रशिक्षण, जवाफदेही स्थापना आदि)

संस्थाले कम्प्युटर सफ्टवेयरमा अभिलेख राख्ने गरेको र दैनिक रुपमा Data Backup लिने गरेको पाईयो । सस्थाको सूचना प्रविधी व्यवस्था भरपर्दो नै रहेको साथै आन्तरिक नियन्त्रण प्रणाली पनि सन्तोषजनक नै पाइएको छ ।

१७. **सम्भावित बेइमानी नियन्त्रण** (अनधिकृत निर्णय, अनियमित कारोबार, अनौपचारिक प्रभाव आदिका कारण हुन सक्ने अपचलन, हिनामिना, आर्थिक शोषण, मोलाहिजा, धोकाबाजी आदिको रोकथामका लागि स्थापित व्यवस्थाहरुको पर्याप्तता) :

सस्थाले आवश्यक नीति तथा नियमहरु निर्माण गरी तथा भइरहेका नीति तथा नियमहरुलाई समयसापेक्ष संशोधन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

१८. **शाखा वा सेवा केन्द्रको सञ्चालन** (शाखा वा सेवा केन्द्रहरुको सङख्या, कारोबारको आयतन, सञ्चालकीय स्वायत्तता, प्रतिवेदन प्रणली सुपरिवेक्षणको नियमितता आदि)

सस्थाले कुनै पनि शाखा वा सेवा केन्द्र सञ्चालन गरेको पाइएन ।

१९. **आन्तरिक लेखापरीक्षण** (आन्तरिक लेखा परीक्षकको व्यवस्था, आन्तरिक लेखापरीक्षणको नियमितता, लेखासुपरिवेक्षण समितिको प्रभावकारिता आदि)

सस्थाको छुट्टै आन्तरिक लेखापरीक्षण विभाग तथा Outsourced आन्तरिक लेखापरीक्षक नभएको भए पनि लेखा सुपरिवेक्षण समितिले चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्ने गरेको छ । लेखा सुपरीवेक्षण समितिलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२०. **आन्तरिक नियन्त्रणको पर्याप्तता** (यस भागका माथिको बुँदासमेतको लेखाजोखाका आधारमा सहकारी संस्थाको सुशासनको आधारभूत सर्तको रुपमा आन्तरिक नियन्त्रणको अवस्थामा राय) :

माथि अन्य बुँदाहरु तथा व्यवस्थापकीय प्रतिवेदनमा उल्लेखित कैफियत बाहेक संस्थाको आन्तरिक नियन्त्रण प्रणाली को अवस्था सन्तोषजनक नै पाईयो ।

## भाग ४

# आयव्ययमा नियमितता

२१. **सेवा शुल्क** (सेवा शुल्कका दर, सम्बन्धित सेवा खर्च र शुल्कको दरमा तादात्म्य, समान अवस्थामा दरमा एकरुपता, ऐनको दफा ५० को उपदफा ३ वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिम तोकिएकोमा सोको पालना आदि) :

ऋणी सदस्यहरुसँग प्रक्रियागत शुल्क बापत ऋणको अवधि हेरी १ प्रतिशत सम्म शुल्क लिने गरेको देखिन्छ ।

२२. **नवीकरण शुल्क** (नवीकरण शुल्कको व्यवस्था, त्यस्तो व्यवस्थाको औचित्य, व्याजदरमा न्यायसङ्गती, समान अवस्थामा दरमा एकरुपता, ऐनको दफा ५० को उपदफा ३ वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्था बमोजिम तोकिएकोमा सोको पालना आदि) :

ऋणी सदस्यहरुसँग नवीकरण शुल्क बापत संस्थाले सदस्यको ऋण कारोवारमा व्यवहार हेरी १ प्रतिशत सम्म शुल्क लिने गरेको देखिन्छ ।

२३. **व्याजदर संरचना** (बचत र ऋणको प्रायोजनअनुसारको व्याजदर, बचत र ऋणको व्याजदरमा औसत एवम् बिन्दुगत (स्ल्याब) अन्तर ऐनको दफा ५० को उपदफा ४ वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्थाबमोजिमको अधिकतम अन्तरको पालना, व्याजदरमा न्यायसङ्गति उेनको दफा ५१ वा स्थानीय कानुनको व्यवस्थाबमोजिम निर्धारित सन्दर्भ व्याजदरको पालना आदि) :

बचत, आवधिक बचत र ऋणको व्याजको न्यूनतम तथा अधिकतम दरको सालाखाला अन्तर ३ प्रतिशतभन्दा बढी रहेको पाइयो । २०७७ आषाढ मसान्तमा रहेको जम्मा निक्षेप तथा ऋण र उक्त मितिमा समाप्त आर्थिक वर्षको ऋणबाट आम्दानी व्याज तथा निक्षेपमा भएको खर्च व्याजको औसत व्याज दर गणना गर्दा, आम्दानी व्याज र खर्च व्याजदरको सालाखाला अन्तर करिब ७ प्रतिशत कायम रहेको देखिन्छ ।

२४. **हर्जाना (हर्जानाको दर, दरमा न्यायसङ्गती, समान अवस्थामादरमा एकरुपता आदि)**

संस्थाले ऋणको किस्ता ढीला भएबापतको हर्जाना रकमको सम्बन्धमा सदस्यले ऋण लिँदाको बखत गरेको शर्तनामामा उल्लेख भए बमोजिम लिने गरेको र हाम्रो लेखा परीक्षणको क्रममा सो हर्जनाको दर सबै सदस्यहरुलाई समान रहेको पाइयो ।

२५. **अनाधिकृत असुली** (ऐनको दफा ५० को उपदफा (५) वा प्रादेशिक वा स्थानीय कानुनका ऋणमा लाग्ने व्याजलाई मूलधनमा पुँजीकृत गरी सोको आधारमा व्याज लगाउन नहुने, दिएको ऋणको रकमबाटै पहिलो किस्ता वा शेयरको रकमबापत भनी कट्टा गरी लिन नहुने र साथै ऐनको दफा ६३ को उपदफा (४) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्था विपरित शेयरमा प्रिमियम वापत भनी थप रकम लिन नहुने र त्यस्तै अन्य अनाधिकृत रुपमा असुली गर्न नहुने व्यवस्थाहरुको पालना) :

संस्थाले यस्ता नियमहरुको पालना नहुने गरी कुनै कार्य गरेको पाइएन ।

२६. **खर्च** (स्वीकृत बजेट, शीर्षक एवम् प्रायोजनको सिमाङ्कको पालना, खर्च स्वीकृतिमा स्थापित कार्याविधीहरुको सम्मान, खर्चमा मितव्ययिता तथा पारदर्शिता, खर्चका मानकहरुको व्यवस्था, अन्यत्रको तुलनामा पनि त्यस्ता मानकहरुको औचित्य आदि) :

व्यवस्थापकीय प्रतिवेदनमा उल्लेखित कैफियतहरु वाहेक संस्थाले गरेका खर्चहरु नियमानुसार र औचित्यविहीन नभएको साथै खर्चमा मितव्ययिता तथा पारदर्शिता अपनाइएको पाइयो ।

२७. **आयव्ययमा सुव्यवस्था** (यस भागका माथिको बुँदासमेतका लेखाजोखाका आधारमा सदस्य मैत्री सहकारी संस्थाको मर्मस्पर्शी जनाउका रुपमा आम्दानी र खर्चको परिपाटीमा राय) :

व्यवस्थापकीय प्रतिवेदनमा उल्लेखित कैफियतहरुलाई न्यूनीकरण गरी आयव्यय सुव्यवस्था चुस्तदुरुस्त राख्नुपर्ने देखिन्छ ।

## भाग ५

## वित्तीय अवस्था

**२८. वित्तीय अनुशासन** (बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा पर्ल्स बिधिबमोजिमको अवस्था विश्लेशणको आधारमा सहकारी संस्थाको परिचायक बिशेषताको रुपमा वित्तीय सुशासनको अवस्थामा राय):

संस्थाको वित्तीय कारोवारको PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return, Liquidity and Sign of Growth) अनुगमन विधि पूर्णरुपले अवलम्वन गर्नुपर्ने देखिन्छ ।

## भाग ६

## नियामक परिपालन

**२९. लेखापालन** (ऐनको दफा ७४ बमोजिम लेखामान, खाता संरचना एवम् सर्त व्यवस्थाको पालना, विधुतीय प्रणालीमा तादात्म्य, प्रकाशनमा अपेक्षित खुलासा आदि, रकमको उपयोगमा लगाइएको बन्देजको पालना) :

वित्तीय विवरणहरुसँग सम्बन्धित वासलात र नाफा नोक्सान हिसाब तथा तत्सम्बधी अनुसूचीहरु संस्थाले राखेको हिसाबसँग दुरुस्त रहेका छन् । आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गर्नुपर्ने देखिन्छ । मासिक कारोवारको विवरण शेयर सदस्यहरुको जानकारीको लागि प्रकाशित गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**३१. बचतमा सिमाङ्कन** (बहुउद्देश्यीय वा अन्य बिषयगत सहकारी संस्थाको हकमा ऐनको दफा ५० को उपदफा (२) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्था बमोजिम बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेखित मुख्य कारोबार गर्नुपर्ने व्यवस्थाको पालना र पालना नभएको भए निर्धारित अवधिभित्र पालना गरिसक्ने कार्ययोजनाको विश्वासनियता, ऐनको दफा ५० को उपदफा (७) वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्था बमोजिम निर्धारित प्राथमिक पुँजी कोष र बचत अनुपातको पालना, ऐनको दफा ५२ वा प्रादेशिक वा स्थानीय कानुनको व्यवस्था बमोजिम व्यक्तिगत बचतको सीमाको पालना आदि) :

सस्थाले वचत संकलन गर्दा सम्बन्धित नियम तथा कानुनमा तोकिएको सीमाभित्र रही संकलन गरेको देखिन्छ । मुख्य कारोबारको सम्बन्धमा बहुउद्देश्यीय सहकारी संस्थाले ७० प्रतिशत उद्देश्य अनुरुप कार्य गर्न पर्नेमा पूर्ण रुपमा पालन नभएकोले आगामी आ.ब. मा विनियम संसोधन गरी बचत तथा ऋण मुख्य उद्देश्य बनाउन पर्ने देखिन्छ ।

**३२. अन्तरसहकारी कारोबार** (ऐनको दफा १४० वा प्रादेशिक वा स्थानीय कानुनबमोजिम अन्तरसहकारी कारोबारमा गरिएको निर्बन्धन (रेष्ट्रिक्सन) को पालना)

यस वर्षको अन्त्यमा सस्थाले एउटै प्रकृतिको सहकारी सस्थामा कारोबार गरेको देखिँदैन ।

**३३. सञ्चालकीय लाभ** (सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति वा उपसमितिका पदाधिकारीको, सुविधा कार्यकारी सञ्चालकको पारिश्रमिक तथा सुविधा र सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति वा उपसमितिका पदाधिकारीहरुले लिएको ऋणको रकम आन्तरिक तथा वैदेशिक भ्रमण खर्च, व्याजदर, पेश्की वा अन्य बक्यौता रकमको फिरिस्त)

सञ्चालक समितिले प्रति वैठक भत्ता रु. २३५३/-, लेखा समितिले प्रति वैठक भत्ता रु. २३५३/- लिने गरेको र अन्य उपसमितिले प्रति बैठक भत्ता रु. २३५३/- सुविधा लिएको र सञ्चालक कोषाध्यक्ष तथा ऋण समिति संयोजकले संस्थामा उपसिथित भई कर्जा लगानीमा सहयोग गरे बापत यस आ.ब.मा समेत प्रत्येक महिना रु. १५०००/- यातायात भत्ता लिने गरेको देखिन्छ ।

**३४. निष्क्रिय ऋण** (ऋणको वर्गीकरण, निष्क्रिय ऋणको लागत, रकमको अनुपात, शंकास्पद ऋण व्यवस्था, अपलेखन आदि) :

कर्जा नोक्सानी व्यवस्था गर्दा, संस्थाले नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयद्वारा जारी सहकारी ऐन २०७४ तथा नियमावली २०७५, सहकारी विभागको मिति २०६८/०१/०१ मा जारी मापदण्डमा उल्लेखित मापदण्ड अनुसार यस आ.ब. को अन्त्यमा जम्मा असुल हुन बाँकी कर्जालाई भाखा नाघेको आधारमा असल, शङ्कास्पद तथा खराब गरी तीन वर्गमा बिभाजन गरी र उक्त बर्गीकरणको आधारमा क्रमशः १, ३५ तथा १०० प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेमा संस्थाले सोही अनुसार कर्जा नोक्सानी व्यवस्था गरिएको छ । संस्थाले यो वर्षरु. ७,९९१,१३९/- बराबरको रकम कर्जा नोक्सानी व्यवस्था कायम गरेको छ ।

**३५. साधारणसभाको स्वीकृति** (ऐनको दफा ३८ को खण्ड (क), (च), (झ), (ञ), (ट) का साथै अन्यत्र वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाबमोजिम वार्षिक कार्यक्रम तथा बजेट, आन्तरिक कार्यविधी, पारिश्रमिकलगायतका सुविधा, बाह्यदायित्व ग्रहण, सदस्यको दायित्व मिनाह समेतमा साधारणसभाको स्वीकृति लिनुपर्ने प्रावधानको पालना) :

संस्थाले साधारणसभाको जानकारी प्रादेशिक सरकारको सम्बन्धित शाखामा पठाएको भए पनि कानुनी अन्यौलताका

कारण स्वीकृति भने प्राप्त गरेको देखिँदैन । संस्थाले यस आर्थिक वर्षमा सदस्यसँग लिनुपर्ने दायित्वको उल्लेख्य रकम मिनाहा गरेको छैन ।

३६. **खुद बचत रकमको वितरण** (खुद बचतको रकम कोषहरुमा छुट्याउनका साथै शेयर लाभांश वितरणमा ऐनको दफा ६८ ६९ ७० र ७१ वा प्रादेशिक वा स्थानीय कानुनका व्यवस्थाको पालना) :

संस्थाले आयकर पछिको नाफा मध्ये २५% जगेडा कोषमा छुट्टाई बाँकी रकमलाई शत प्रतिशत मानी ०.५ प्रतिशत सशकारी प्रबर्द्धन कोष र २५% संरक्षित पूँजी फिर्ता कोषमा छुट्याई बाँकी रकमलाई समेत शत प्रतिशत मानी संस्थाको सञ्चालक समितिको निर्णय अनुसार देहाय बमोजिम विभिन्न कोषहरुमा बाँडफाँड गरिएको छ,

| **कोषहरु** | | **प्रतिशत** |
|---|---|---|
| १) | शेयर लाभांश कोष | ६५% |
| २) | सहकारी विकास कोष | ५% |
| ३) | सहकारी शिक्षा कोष | ५% |
| ४) | जोखिम व्यवस्थापन कोष | ५% |
| ५) | कर्मचारी बोनश कोष | ५% |
| ६) | सहकारी संस्था स्थिरीकरण कोष | ५% |
| ७) | डुबन्त ऋण कोष | ५% |
| ८) | सामुदायिक विकास कोष | ५% |
| | **जम्मा** | १००% |

३७. **सम्पति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ को पालना** (सदस्य पहिचान तथा सम्पुष्टी, जोखिम व्यवस्थापन, सीमा तथा शंकास्पद कारोबारको प्रतिवेदन, कार्यान्वयन अधिकारीको व्यवस्था, आन्तरिक नीति तथा कार्यविधी आदि (सम्पति शुद्धीकरण निवारण कानुनबमोजिम गोप्य रहने अभिलेखमा सामान्य तहमा प्राप्त भएको व्यवस्थापकीय जानकारीका आधारमा) :

सम्पत्ती शुद्धीकरण निवारण ऐन २०६४ र नियमावली २०६६ र सहकारीको लागि जारी भएका सम्बन्धित निर्देशनहरुमा भएका व्यवस्थाहरुको प्रभावकारी रुपमा पालना गर्नुपर्ने देखिन्छ साथै संस्थाले सम्पत्ती शुद्धीकरण निवारण निर्देशिका तयार गरी सोको अनुशरण गरी सदस्यहरुको कारोवार जोखिम समेत वर्गीकरण गर्नुपर्ने देखिन्छ ।

३८. **एकिकृत व्यवस्थापन सूचना प्रणालीमा प्रतिवेदन** (आबद्धता सम्प्रेषणको अद्यावधीकरण, तथ्याङ्कीय अन्तर (डिस्क्रिपेन्सी) आदि :

लेखापरीक्षण प्रतिवेदनका सम्बन्धित वासलात र नाफा नोक्सान हिसाब तथा तत्सम्बधी अनुसूचीहरु संस्थाले राखेको हिसाबसँग दुरुस्त रहेका छन् । यी विवरणहरु संस्थाको सफ्टवेयरबाट प्राप्त विवरणहरुसँग दुरुस्त रहेको पाइएको छ ।

३९. **सघन अनुगमनबाट प्रदत्त निर्देशनको कार्यान्वयन** (कार्ययोजना, प्रगति प्रतिवेदन) :

संस्थाले वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा गरेको भए पनि यसको कार्यान्वयनको अनुगमन भएको दखिँदैन । कार्ययोजना तथा बजेट तर्जुमा निर्माण, कार्यान्वयन तथा अनुगमनलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

४०. **परिपालना प्रभावकारिता** (यस भागका माथिका बुँदा एवम् परिपालना कार्यान्वयन सुनिश्चित गर्न भएका सकारात्मक प्रयाससमेतको विचारमा सहकारी संस्थाको प्रक्षेपित छविसम्मत नियामक बन्दोबस्तहरुको पालना अवस्थामा राय) :

यस प्रतिवेदन तथा हाम्रो व्यावस्थापकीय प्रतिवेदनमा उल्लेखित कैफियतहरु बाहेक सस्थामा सहकारीसँग सम्बन्धित नियम, कानुन तथा निर्देशनहरु साथै सस्थाका आफ्नै Policy हरुको परिपालना सन्तोषजनक नै रहेको पाईएको छ ।

## भाग ७
## निश्कर्ष

४१. **खास लेखापरीक्षकीय बिषयबस्तु** (की अडिट म्याटर)

खास लेखापरीक्षकीय बिषयबस्तुहरु निम्नानुसार रहेका थिए :

- यस आ.ब.मा कर्मचारी बोनस कोषबाट गत वर्ष छुट्याइएको रु. ३०२१९२/- मध्ये रु. २७२२५०/- रकम कर्मचारीहरुलाई वितरण गरिएको छ । शेयर लाभांस कोषमा छुट्याईएको रकमबाट आ.ब. २०७७/७८ मा गत वर्षको

लागि उक्त आ.ब. को अन्त्यमा भएको सेयर पूँजीको ५।९८ प्रतिशतले हुने रकम रु. ३९२१५०१/- लाभांस वितरण गरिएको छ।

- यस आ.ब.मा संरक्षित पूँजी फिर्ता कोषबाट बाडिएका रकम रु २,०२८,३८४/- मा ५ प्रतिशत कर कट्टी गरी वितरण गरिएको छ। यस कोषबाट जम्मा बाँडफाँडलाई तीन बराबर भाग लगाई निक्षेप, ऋण र पूँजीमा गरेको योगदानको आधारमा वितरण गरिएको छ।
- यस आ.ब.मा सदस्य शिक्षा कोषबाट रु.३७०७००/- खर्च गरिएको र यस बाहेक अन्य कोषबाट खर्च गरिएको छैन।
- यस आ.ब.को अन्त्यमा १२ जना सञ्चालकहरु र ३ जना लेखा समितिका सदस्यहरु समेत १४ जना मध्ये ४ जना सञ्चालक समिति सदस्यले संस्थाबाट व्यवसायिक शीर्षक अन्तर्गत ऋण लिएको देखिन्छ।
- कर्जा नोक्सानी व्यवस्था गर्दा, संस्थाले नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभागको मिति २०६८/०१/०१ मा जारी मापदण्ड तथा यस सहकारी संस्थाको विनियममा उल्लेख गरिए अनुसार यस आ. ब. को अन्त्यमा जम्मा असुल हुन बाँकी कर्जालाई भाखा नाघेको आधारमा असल, शङ्कास्पद तथा खराब गरि तीन वर्गमा विभाजन गरी र उक्त बर्गीकरणको आधारमा क्रमशः १, ३५ तथा १०० प्रतिशतका दरले कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेमा संस्थाले सोही अनुसार कर्जा नोक्सानी व्यवस्था गरिएको छ। संस्थाले यो वर्ष रु. ७,९९१,१३८.७९ बराबरको रकम कर्जा नोक्सानी व्यवस्था कायम गरेको छ।
- ऋण लगानी र वचतको व्याजको न्यूनतम तथा अधिकतम दरको अन्तर ३ प्रतिशतको हाराहरी रहेको पाईयो। २०७८ आषाढ मसान्तमा रहेको जम्मा निक्षेप तथा कर्जा र उक्त मितिमा समाप्त आर्थिक वर्षको कर्जाबाट आम्दानी व्याज तथा निक्षेपमा भएको खर्च व्याजको औसत व्याज दर गणना गर्दा, आम्दानी व्याज र खर्च व्याजदरको अन्तर ६ प्रतिशतभन्दा बढी रहेको देखिँदैन।
- ऋणी सदस्यहरुसँग प्रक्रियागत शुल्क वापत ऋणको अवधि र प्रकृति अनुसार ऋण रकमको १ प्रतिशतसम्म हुने रकम लिने गरिएको छ, सोको ऋण प्रवाहको काममा हुने खर्चसँगको तादम्यताबारे एकिन गर्ने आधार उपलब्ध हुन नसकेको।
- सम्पत्ती शुद्धीकरण निवारण ऐन २०६४ र नियमावली २०६६ तथा सहकारीको लागि आएको सम्बन्धित निर्देशनमा भएका व्यवस्थाहरु पूर्णरुपले पालना गर्नु पर्ने देखिन्छ।
- २०७८ आषाढ मसान्तमा संस्थाले निक्षेपको १६ प्रतिशत तरलता कायम गरेको पाइयो, जुन आवश्यकता भन्दा बढी रहेको देखिँदैन।
- निक्षेप संकलन गर्दा प्राथमिक पूँजी कोषको बढीमा १५ (पन्ध्र) गुणाको सिमाभित्र रही सङ्कलन गर्नु पर्नेमा आषाढ मसान्तमा प्राथमिक पूँजी कोषको २.२५ गुणा निक्षेप सङ्कलन भएको देखिन्छ। थप निक्षेप सङ्कलन गरी सुरक्षित क्षेत्रमा लगानी गर्नुपर्ने देखिन्छ।
- संस्थाले आर्थिक विवरणहरुलाई कम्प्युटर सफ्टवेयरमा अभिलेख राख्ने गरेको र आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गर्नु पर्ने देखिन्छ। मासिक कारोवारको विवरण सदस्यहरुको जानकारीको लागि संस्थाको कार्यालयमा प्रकाशित गर्नु पर्ने देखिन्छ।
- आषाढ मसान्तमा आवधिक निक्षेपको अनुपात करिब ५० प्रतिशत देखियो। आवधिक निक्षेपको अनुपात घटाई निक्षेपको लागत कम गर्नु पर्ने देखिन्छ।

**४२. सहकारी संस्थाको कार्यसञ्चालन एवम् वित्तीय अवस्थितिमा समुच्चा राय :**

सस्थाले विभिन्न लेखापरीक्षणका प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरुलाई Action plan बनाएर नै सुधार गर्दै जानुपर्ने देखिन्छ। Policy हरुको संशोधन गर्नुपर्ने देखिन्छ। संस्थाको वित्तीय कारोवारको PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return, Liquidity and Sign of Growth) अनुगमन विधी पूर्णरुपले अवलम्वन गर्नुपर्ने देखिन्छ भने अन्य कुराहरु सन्तोषजनक रहेका छन्।

N.B. Bhandari & Associates
Firm Regd. No. 3153
Regd. Auditor
Lalitpur

नारायणबहादुर भण्डारी
लेखापरीक्षक
निमित्त : एन.बि.भण्डारी एण्ड एशोसियट्स ललितपुर।

# लेखा सुपरिवेक्षण समितिका तर्फबाट संयोजकज्यूको प्रतिवेदन

संस्थाको बाह्रौं वार्षिक साधारणसभाका सभाध्यक्षज्यू, संरक्षकज्यू, उपाध्यक्षज्यू, वरिष्ठ सल्लाहकारज्यूहरु लगायत पदाधिकारीज्यूहरु, सल्लाहकारज्यूहरू, शेयर सदस्यज्यूहरु, सहकारी प्रतिनिधिज्यू, लेखा परीक्षकज्यू, कानून व्यवसायीज्यू, उपस्थित सहयोगी मित्र-महानुभावज्यूहरूका साथै कर्मचारी भाई/बहिनीहरु !

बाह्रौं वार्षिक साधारणसभामा लेखा समितिको संयोजकको हैसियतले समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु। संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने र समितिलाई सुझाव दिने, समिति र उप-समितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ/छैन? जाँच गर्ने, संस्था तथा सदस्यहरुलाई हानी नोक्सानी पुग्ने अवस्था भएमा वा आन्तरिक लेखा परीक्षणको कार्यमा सञ्चालक वा व्यवस्थापनबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्बन गर्नुपर्ने अवस्था देखिएमा विशेष साधारणसभा बोलाउन समिति समक्ष अनुरोध गर्ने। त्यस्तै निम्नानुसारका बिषयहरु नछुट्ने गरी आन्तरिक लेखा परीक्षण गरी तत् सम्बन्धी प्रतिवेदन साधारणसभा समक्ष अनिवार्य रुपमा पेश गर्ने जस्ता महत्वपूर्ण जिम्मेवारी एवम् दायित्व लेखा समितिलाई संस्थाको विनियम २०६६ को दफा ३, ४ र ५ ले दिएको व्यहोरा सर्वप्रथम म यहाँ स्पष्ट पार्न सान्दर्भिक ठान्दछु।

लेखा समिति भन्ने वित्तिकै साधारणसभा प्रति उत्तरदायी रहने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको एउटा महत्वपूर्ण अंग हो जसको अभावमा संस्था पूर्ण र प्रभावकारी बन्न सक्दैन भने संस्थाको प्रभावकारीताको निम्ति यसका सम्पूर्ण शेयर सदस्यज्यूहरुको चासो र अझ बढी सक्रियताको खाँचो रहेको र रहने व्यहोरा पनि यहाँ राख्न चाहन्छु।

समग्रमा संस्थाको मूल्याङ्कन गरी साधारणसभा समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने सन्दर्भमा आर्थिक वर्ष २०७७/०७८ सम्ममा लेखा समितिले संस्थाका कामकारवाही एवम् गतिविधीहरुको सुक्ष्म रुपमा अवलोकन सहित आन्तरिक लेखापरीक्षण गर्दा संस्थाबाट सहकारी ऐन, नियम, मापदण्ड, आन्तरिक नीति-निर्णय अनुसार नियम सम्मत, व्यवस्थित मितव्ययीपूर्ण ढङ्गबाट संस्थाका काम कारवाहीहरु स्पष्ट रुपमा भए गरेको पाइएको र संस्था तथा सदस्यहरुको हित विपरितका कुनै पनि कार्यहरु भए गरेको नपाइएको व्यहोरा समेत यसै सम्मानित गरिमामय सभामा स्पष्टसँग राख्दै समितिको वार्षिक प्रतिवेदनलाई अझ अगाडि लैजाने क्रममा थप विवरणहरु प्रस्तुत गर्दछु।

**१. समितिको बैठक बसेको सम्बन्धमा :-**

संस्थाको विनियम २०६६ को अधिनमा रही त्रैमासिक हिसाबले नियमित रुपमा कोभिड-१९ को कारणले औपचारिक बैठक बस्न नसके पनि समय, समयमा सञ्चार माध्यमबाट तथा स्वयंम् उपस्थित भई लेखा सम्बन्धी कमी कमजोरीहरु बारे जानकारी लिने तथा सो सम्बन्धी सुझावहरु दिने गरेको व्यहोरा यहा राख्न चाहन्छु।

**२. गत वर्ष दिईएको सुझाव कार्यान्वयनको अवस्था :-**

- मासिक तथा त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्दा देखिएका कमि/कमजोरीहरुका सन्दर्भमा विभिन्न सुझावहरु दिइएकोमा समिति तथा उप-समितिबाट उक्त सुझावहरु कार्यान्वयनको विवरण निम्नानुसार प्रस्तुत गर्दछु :
  - ❑ बचतमा दिने व्याज लगायत घरभाडा, पानी, विजुली, टेलिफोन, इन्टरनेट, मसलन्द र तलब भत्ता आदिमा भएको अति आवश्यक कटौती गर्न पनि नमिल्ने बाहेक अन्य खर्चको जाँच गर्दै भविष्यमा खर्चलाई अझ कम गर्दै जान के गर्न सकिन्छ ? सो अनुसार अझ मितव्ययीपूर्ण ढङ्गबाट कार्य सञ्चालन गर्न दिएको सुझावमा सुधार भएको पाइयो।
  - ❑ संस्थामा लगानी हुन नसकी त्यत्तिकै बसिरहेको ठूलो रकमलाई उपयुक्त स्थानहरुमा लगानी गर्न दिएको सुझावको पनि प्रभावकारी रुपमा कार्यान्वयन भएको पाइयो।
  - ❑ संस्थाका सम्पूर्ण अभिलेखहरु सुरक्षित हिसाबले राख्न सुरक्षागार्डको व्यवस्था गर्न र बिमा गराउँन दिइएको सुझाव, कार्यालयको चोरी डकैती एवम् आगलागी र भूकम्प त्यसै गरेर कार्यालय र बैंकहरुका

बीच बाटोमा ओहोर-दोहोर हुने नगद समेतको लागि यस वर्ष पनि सुरक्षागार्ड र बिमा व्यवस्थालाई निरन्तरता दिएको  पाईयो ।

- ❑ संस्थाको आर्थिक कारोबारहरुलाई पल्स अनुगमन पद्धतिबाट विश्लेषण गर्न दिईएको सुझाव पूर्णरुपमा कार्यान्वयन भएको पाईयो ।

**३. अघिल्लो आ.व. र प्रतिवेदन पेश गरिने आ.व.को तुलनात्मक आर्थिक विवरण :-**

- संस्थाको अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट नै सदस्य महानुभावहरुलाई स्पष्ट हुनेगरी गत वर्ष र यस वर्षको छुट्टा-छुट्टै रुपमा सम्पूर्ण कारोवारहरुको विस्तृत तुलनात्मक आर्थिक विवरण सदस्यज्यूहरुको हात हातमा पेश भइसकेको छ भने हामीले गरेको आन्तरिक लेखा परीक्षण पनि हु-बहु सम्बन्धित विज्ञबाट भएको अन्तिम लेखा परीक्षणसँग मेल खाएको व्यहोरा समेत स्पष्ट पार्न चाहन्छु ।

| | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ |
|---|---|---|
| चुक्ता शेयर पूँजी : | ६,५६,९३,८०० | ७,३४,०२,७०० |
| बचत : | १९,१९,७४,९५४ | २२,८७,५०,२६३ |
| ऋण लगानी : | २०,९९,८९,२०९ | २४,९१,०१,४३६ |

**४. प्रतिवेदन गरिने आ.ब.को मुख्य-मुख्य आर्थिक उपलब्धी एवम् कारोवारको कमजोर पक्ष :-**

- उठ्न नसकेका ऋणहरुको धितो लिलाम गरी संस्थाको नाममा सकार गरी ल्याएको र संस्थागत नगद पूँजी वृद्धि, कोष हिसाब, कर्जा जोखिम व्यवस्था, खुद नाफामा वृद्धि जस्ता  कार्यहरु मुख्य मुख्य उपलब्धी हुन भने लक्ष्य अनुरुप शेयर पूँजी र वचत बढ्न नसक्नु तथा बहुउद्देश्यीय क्षेत्रमा प्रवेश गर्न नसक्नु जस्ता विषयहरु कमजोरी हुन् । समग्रमा संस्थालाई व्यवस्थित रुपमा अझ बलियो बनाएर अगाडि बढाउँनका लागि सबैको सहयोग आवश्यक रहेको व्यहोरा पनि सम्मानित सभामा स्पष्टसँग राख्न चाहन्छु ।
- संस्थाको आ.ब २०७७/०७८ को नाफा/नोक्सान हिसाब हेर्दा सो वर्ष लगानी गरिएको कर्जाबाट उठेको व्याज, बैंकबाट प्राप्त ब्याज रकम, संस्था विकास शुल्क, घर भाडामा लगाए वापतको आम्दानी समेत गरी जम्मा रु.३,९०,५९,६८९/- आम्दानी भएको देखिन्छ भने खर्च तर्फ वचतमा दिने व्याज, कर्मचारीको तलब खर्च, लगानी जोखिम व्यवस्था, आय कर व्यवस्था, सम्पत्ती ह्रास कट्टी लगायत अन्य प्रशासनिक खर्च गरी जम्मा रु.२,९८,३६,६२२/- खर्च भएको देखिन्छ । सो अनुसार आम्दानीबाट खर्च कटाउँदा आयकर पछिको जम्मा रु. ९२,२३३,०६७/- संस्थाले खुद मुनाफा गरेको देखिँदा गत वर्षको तुलनामा मुनाफा घटेको देखिन्छ ।
- आ. ब. २०७७/७८ को आषाढ मसान्तसम्म कुल रु.२४,८१,०१,४३६/- ऋण प्रवाह भएको पाइयो । गत आ.ब. हरुको तुलनामा आ.ब २०७७/०७८ मा ऋण लगानी तथा असुलीमा सुधार देखिन्छ । विगत वर्षहरुको खराब कर्जा यस आ.ब.मा असुल उपर गरिएकोले पुरानो खराब कर्जाहरु देखिएको छैन । पुराना केही ऋणहरु असुल उपर गर्न रहेकोमा सो रकम पनि यथाशिघ्र असुल उपर गर्नुपर्ने देखिन्छ ।

**५. सहकारी सिद्धान्तहरु, सहकारी ऐन, नियमहरु एवम् संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था :-**

- माथि उल्लेखित सिद्धान्त, ऐन, नियम, तथा विनियमहरुको पूर्णरुपमा पालना भए गरेको पाइएको छ । पालनामा कमी कमजोरी छैनन् । र भविष्यमा पनि नीतिको पालनालाई निरन्तरता दिंदै समय सापेक्ष रुपमा परिवर्तन एवम् परिमार्जन भई आउने नीति निर्देशन एवम् कानुनहरुको पूर्ण परिपालना गर्ने गराउने कुरामा पनि विश्वस्त पार्न चाहन्छु ।

**६. संस्थाको स्वीकृत बहुउद्देश्यीय नीति एवम् अन्य नीतिहरुको पालनाको अवस्था :-**

- संस्थाको प्रारम्भिक साधारणसभाले पारित गरेको बहुउद्देश्यीय नीतिहरुको आधारमा नै संस्थाले आफ्ना कारोवारहरु सञ्चालन गर्दै जाने प्रयास भई गरेको देखिए तापनि आ.ब. २०७७/०७८ मा पनि नीति उद्देश्य अनुरुपका कार्यहरुमा प्रवेश गरेको देखिँदैन ।

**७. कर्मचारी व्यवस्थापनका सवल पक्षहरु र दुर्वल पक्षहरु :-**

- छिटो छरितो र प्रभावकारीरुपमा सेवा प्रदान गर्ने चाहना राख्ने सवल पक्ष हुन भने दक्ष कर्मचारीहरुको कमीले काम सिक्ने क्रममा हुने त्रुटी र ढिलासुस्ती दुर्वल पक्ष हुन् । संस्थाको कर्मचारी व्यवस्थापनको रुपरेखा अध्ययन गर्दा सन्तोषजनक पाइयो ।

**८. सञ्चालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नुपर्ने पक्षहरु :-**

- सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी मापदण्ड २०६८, राष्ट्रिय सहकारी नीति २०६९, संस्थाको विनियम २०६६, आचारसंहिता र सहकारी मूल्य मान्यता अनुसार सञ्चालक समितिको कार्य प्रणालीमा  पनि परिवर्तन हुँदै गएको पाइयो ।

**९. गत वर्ष सम्पन्न लेखा परीक्षणको गुणस्तर सुधारका सुझावहरु :-**

- नेपाल सरकारको प्रचलित कानुन, सहकारी मापदण्ड अनुसार नै लेखापरीक्षण भएकाले लेखापरीक्षण नियमानुसार नै गुणस्तरीय भएको पाइएको छ ।
- आन्तरिक लेखा परीक्षण पनि सोही अनुरुप सम्पन्न गरिएकाले दुविधा नरहेको ।

**१०. संस्था सञ्चालनमा व्यवस्थापन पक्षको समग्र मूल्याङ्कन, प्रभावकारीता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोबलको अवस्था, व्यवसायिकता आदि पक्ष :-**

- संस्था सञ्चालनमा व्यवस्थापन पक्षको समग्र मूल्याङ्कन गर्दा इमान्दारिता र परिपक्व ढङ्गबाट अगाडि बढ्ने प्रयास सह्रानीय देखिन्छ भने कार्य सम्पादनमा सिक्दै सिकाउँदै प्रभावकारी रुपले अगाडि बढ्ने कोसिस गरिरहेको देखिन्छ ।
- कर्मचारीहरुमा रहेको दक्षताको उपयोग गर्दै संस्था क्रियाशील पथमा रहेको व्यहोरा पनि यस सम्मानित सभामा जानकारी गराउँदै मेरो लेखा सम्बन्धी प्रतिवेदन यही अन्त गर्ने अनुमति चाहन्छु ।

धन्यवाद ।

जय सहकारी

## Flash Multipurpose Co-operative Limited

### Comparative Financial Statement

| Fiscal Year | Income | Expenses | Profit |
|---|---|---|---|
| 2070-71 | 27433431 | 21956148 | 5477283 |
| 2071-72 | 31394495 | 26032242 | 5362253 |
| 2072-73 | 28561892 | 25162443 | 3399449 |
| 2073-74 | 33154578 | 28282713 | 4871865 |
| 2074-75 | 34617477 | 28564995 | 6052482 |
| 2075-76 | 35961838 | 28209631 | 7752207 |
| 2076-77 | 40324148 | 29578707 | 10745441 |
| 2077-78 | 39059689 | 29836622 | 9223067 |



# प्रस्तावहरू :

**१) आर्थिक प्रतिवेदन सम्बन्धमा**

कोषाध्यक्ष श्री महेन्द्रबहादुर कार्कीज्यूले प्रस्तुत गर्नुभएको आ.ब.२०७७/०७८ को आर्थिक प्रतिवेदनमा शेयर सदस्यहरु बीच विस्तृत छलफल गरी, रायसुझाव सङ्कलन गर्ने र आगामी दिनहरुको लागि कार्य योजनालाई थप सुदृढ गर्दै लैजान र हालसम्म भएको आर्थिक प्रतिवेदनलाई अनुमोदन गर्न प्रस्ताव गरिएको छ। लेखापरीक्षक श्री नारायणबहादुर भण्डारीज्यू (एन.वि.भण्डारी एण्ड एशोसिइट्स, ललितपुर) ले यस संस्थामा पेस गर्नुभएको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पूर्ण आर्थिक क्रियाकलाप, रायसुझाव र सुधारका क्षेत्रहरुमा शेयर सदस्यज्यूहरुबाट विस्तृत छलफल र सुझाव संलग्न गरी अनुमोदन गर्न प्रस्ताव पेश गरिएको छ।

**२) वार्षिक प्रतिवेदन सम्बन्धमा**

लेखा सुपरिवेक्षण समितिका संयोजक आग्ये प्रसाद श्रेष्ठज्यूले प्रस्तुत गर्नुभएको आ.ब.२०७७/७८ को वार्षिक प्रतिवेदनमा शेयर सदस्यहरु बीच विस्तृत छलफल गरी, रायसुझाव संकलन गर्ने र लेखा सुपरिवेक्षण प्रतिवेदनमा औल्याएको कमिकमजोरीलाई यथाशिघ्र सुधार गर्नेगरी हालसम्म भएको वार्षिक प्रतिवेदनलाई अनुमोदन गर्न प्रस्ताव गरिएको छ।

**३) शेयर सदस्यहरुलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।**

लेखापरीक्षकद्वारा पेश भएको वार्षिक प्रतिवेदन अनुसार खुद मुनाफाबाट विभिन्न कोषहरुमा बाँडफाँड भई शेयर लाभांश कोष तथा संरक्षित पुँजी फिर्ता कोषबाट शेयर सदस्यज्यूहरुलाई कारोबार र शेयर अङ्कको आधारमा लाभांश नगद नै उपलब्ध गराउन प्रस्ताव गरिएको छ।

**४) घरजग्गा विक्री सम्बन्धमा**

लिलाम प्रक्रियाबाट संस्थाको नाममा दर्ता हुन आएका र संस्थाको लगानी उठाउन आ.ब.२०७७/०७८ मा सञ्चालक समितिले निर्णय गरेको मूल्यमा विक्री भएका त्यस्ता घरजग्गाको विक्रीको अनुमोदनका लागि प्रस्ताव गरिएको छ। आ.ब.२०७८/०७९ मा संस्थाको नाममा भइरहेका विक्री गर्नु पर्ने घरजग्गाका लागि समेत सहमतिका लागि प्रस्ताव गरिएको छ।

**५) व्याजदर निर्धारण गर्ने सम्बन्धमा ।**

संस्थाको विद्यमान लिनेदिने ब्याजदरलाई सञ्चालक समितिको निर्णयानुसार आ.ब.२०७७/७८ मा निम्न तालिकामा उल्लेख भए अनुरुप लागू गरिएकोले सो ब्याजदरलाई अनुमोदन गर्नुका साथै आ.ब.२०७८/७९ का लागि आवश्यकतानुसार ब्याजदरमा थपघट गर्नका लागि सञ्चालक समितिलाई जिम्मेवारी दिने प्रस्ताव पेश गरिएको छ।

| सि.नं | खाताको विवरण | न्यूनतम मौज्दात | पुरानो ब्याज दर | परिमार्जित ब्याज दर | फरक |
|---|---|---|---|---|---|
| १. | बचत खाता | १,०००/- | ९% | ८% | १% |
| २. | १ वर्षे नियमित बचत खाता | ५,०००/- | ११% | १०.५०% | ०.५०% |
| ३. | २ वर्षे नियमित बचत खाता | ५,०००/- | १२% | ११.५०% | ०.५०% |
| ४. | ३ वर्षे नियमित बचत खाता | ५,०००/- | १३% | १२.५०% | ०.५०% |
| ५. | प्रिमियम बचत खाता | १,००,०००/- | १०% | ९% | १% |
| ६. | ६ महिने मुद्दती खाता | १,००,०००/- | - | १०% | - |
| ७. | १ वर्षे मुद्दती खाता | १,००,०००/- | ११% | १०.५०% | ०.५०% |
| ८. | २ वर्षे मुद्दती खाता | १,००,०००/- | १२% | ११.५०% | ०.५०% |
| ९. | ३ वर्षे मुद्दती खाता | १,००,०००/- | १३% | १२.५०% | ०.५०% |
| १०. | सबै किसिमको कर्जा लगानीमा | - | १६% | १४.७५% | १.२५% |

**६) आ.व ०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।**

आ.व ०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा नेपाल सरकार बाट मान्यता प्राप्त योग्य र अनुभवि लेखापरीक्षकको छनोट गरी नियुक्ती दिन र पारिश्रमिक तोक्न सञ्चालक समितिलाई जिम्मा दिने प्रस्ताव गरिएको छ ।

**७) शेयर तथा बचत बढाउने सम्बन्धमा ।**

क. संस्थाका सबै शेयर सदस्यहरु समान हैसियतमा रहे जस्तै शेयरको अङ्क पनि एक समान बनाउने संस्थाको उद्देश्य हो । विनियम २०६६ को दफा १८ उपदफा १ मा संस्थाको कुल शेयर पूँजी ७ करोड ३ हजार भएकोमा ८ करोड पुऱ्याउने र भविष्यमा क्रमशः वृद्धि गर्दै लैजाने प्रस्ताव गरिएको छ ।

ख. शेयर वा कारोबारको कम्तीमा ५ प्रतिशत बराबरको रकम सदस्यज्यूहरुको बचत खातामा रहनु पर्ने भनी सहकारी विभागको अवधारणा रहेकोमा संस्थाको नियमानुसार सदस्यहरुले निश्चित रकम मासिक रुपमा बचतमा जम्मा गर्ने अभ्यास भइरहेको । लाभांश स्वरुप प्राप्त हुने रकम मध्ये अधिकतम प्रतिशत संस्थामा नै बचत गरेमा संस्था र सदस्य दुबै समान रुपमा लाभान्वित हुने भएकाले सो अनुसार गर्न प्रस्ताव गरिएको छ ।

**८) आ.व.०७७/०७८ भरिमा संस्थाबाट भए गरेका सम्पूर्ण कार्यहरुको अनुमोदन सम्बन्धमा ।**

लिलाम सकार गरिएको घर जग्गा, संस्थाको विमा, ४ नम्बर वडा कार्यालयमा गरिएको दर्ता नबीकरण, थप सदस्यता, बचत सङ्कलन, ऋण लगानी-असुली, कार्यालय सञ्चालन खर्च, खरिद गरिएका सानातिना सम्पत्ती, कर्मचारीहरुको तलबमा खर्च लेखापरीक्षण शुल्क वापतका खर्च सञ्चालक समितिबाट गरिएका निर्णयहरु लगायत संस्थाका अभिलेखहरुबाट देखिने सम्पूर्ण नियमित कार्यहरु अनुमोदनका लागि प्रस्ताव गरिएको छ ।

**९) निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने सम्बन्धमा ।**

निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक समितिका तर्फबाट अध्यक्ष र सचिव त्यसै गरेर सदस्यहरुको तर्फबाट संस्थाको कार्यालय नजिक बसोबास गर्ने र बोलाएको बेलामा उपस्थित हुन सक्ने सदस्यद्वय श्री भेषराज श्रेष्ठज्यू र श्री चेतबहादुर बुढाथोकीलाई प्रतिनिधी तोक्ने प्रस्ताव गरिएको छ ।

**१०) विविध**

१. Receivable Principal and Interest Amount

यस संस्थाले असुल उपर गनुपर्ने केही ऋण प्रवाह सम्बन्धी रकम (Receivable Principal and Interest Amount) आवश्यक आथिक तथा कानुनी प्रकृयामा रहेको छ । आगामी दिनहरुमा पनि असुल उपर गर्नुपर्ने ऋणसम्बन्धी यस्ता रकमहरुका सम्बन्धमा आवश्यक आथिक नीति र कानुनी प्रकृया अवलम्वन गर्न सञ्चालक समितिलाई जिम्मा दिने प्रस्ताव गरिएको छ ।

२. क) कानुनी सल्लाहकार अधिवक्ता हरि कार्कीज्यू, घर जग्गा Valuator ई.अनन्त सुवेदीज्यू र ई.यादव थापाज्यूलाई सञ्चालक समितिको निर्णय अनुसार आ.व.२०७७/०७८ सम्म करारमा अनुबन्धित गरि एको र आ.ब.२०७८/०७९ को लागि समेत अनुबन्ध गर्ने कार्य अनुमोदनको लागि प्रस्ताव गरिएको छ ।

ख) अधिवक्ता हरि कार्की र वहाको ल फर्मबाट यस संस्थासँग सम्बन्धित भए गरेका सम्पूर्ण कानुनी काम कारवाही अनुमोदन गर्नुका साथै आगामी दिनहरुमा त्यस्ता कानुनी प्रकृया निमित संञ्चालक समितिबाट दिइने अधिकार प्रत्यायोजन र उपलब्ध गराइने फाइल समेतको अनुमोदनको लागि प्रस्ताव गरिएको छ ।

ग) घर जग्गा Valuator ई. अनन्त सुवेदीज्यू र ई.यादव थापाज्यूबाट सञ्चालक समितिको निर्णय अनुसार आ.ब.२०७७/०७८ सम्म गरिएको मुल्याङ्कन कानुन सम्मत गराउनका लागि र संस्थालाई कुनै किसिमको नोक्सान हुन गएमा सत प्रतिशत क्षतिपूर्ती व्यहोर्ने गरी गरिएको करार अनुबन्धलाई अनुमोदन गर्ने र आ.ब. २०७८/०७९ का लागि समेत गरिने त्यस्तै प्रकृतिको करार अनुबन्धलाई अनुमोदनको लागि प्रस्ताव गरिएको छ ।

# अध्यक्षज्यूको मन्तब्य

**संस्थाको बाह्रौ वार्षिक साधारणसभामा उपस्थित संरक्षकज्यू, उपाध्यक्षज्यू, वरिष्ठ सल्लाहकारज्यूहरु, सल्लाहकारज्यूहरु, विशेष अतिथि सहकारी प्रतिनिधीज्यू, संचालक समितिका पदाधिकारीज्यूहरु, लेखा समितिका संयोजकज्यू लगायत सम्पूर्ण शेयर सदस्यज्यूहरु, लेखापरीक्षकज्यूहरु, कानुन व्यवसायी अधिवक्ताज्यू, ईन्जिनियरज्यू, आमन्त्रित मित्र महानुभावज्यूहरु एवम् कर्मचारी भाइबहिनीहरु !**

१) बाह्रौं वार्षिक साधारणसभामा शेयर सदस्यज्यूहरु समक्ष संस्थाको वार्षिक प्रगति विवरण सन्दर्भमा आफ्नो विचारहरु प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु। आ.व. २०७७/०७८ को लेखा परीक्षण लगायत सम्पूर्ण कार्यहरु सम्पन्न गराई २०७८ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, नाफाको बाँडफाँड हिसाव र लक्षित वार्षिक बजेट कार्यक्रम लगायतको विस्तृत विवरण समेत आजको यसै गरिमामय सभामा प्रस्तुत भइसकेको छ।

२) यस संस्थाको आर्थिक विकास क्रमको विश्लेषण गर्दा संस्थाको चुक्ता शेयर पूँजी रकम रु. ७ करोड ३४ लाख रहेको छ, जुन गत वर्षको तुलनामा करिव १२% वृद्धि हो। आगामी वर्षमा शेयर चुक्ता पूँजी १०% ले बढाई करिब ८ करोड पुऱ्याउने लक्ष्य राखिएको छ। त्यस्तै वचत रकम २२ करोड ८७ लाख रहेको छ, जुन गत वर्षको तुलनामा करिव २०% वृद्धि हो। बचतमा पनि आगामी वर्ष कम्तीमा ३० करोड पुऱ्याउने लक्ष्य छ। संस्थागत पूँजी कोषको रुपमा रहेको जगेडा तथा अन्य कोषाहरुमा करीब रु. १ करोड ८० लाख, जोखिम व्यवस्थापन, घाटापूर्ती लगायत अन्य कोषहरूमा करीब रु. १ करोड ६५ लाख रकम जम्मा भएको छ। यस्ता जगेडा कोषहरुले संस्थालाई आन्तरिक रुपमा मजबुत बनाउने विश्वास गरिएको छ। त्यसै गरी संस्थाको स्थिर सम्पति तर्फ करीब रु. २ करोड ७ लाख मूल्य बराबरको सम्पति रहेको छ। संस्थाले केही वर्ष अघि करिब रु. १ करोड ३९ लाखमा खरिद गरेको सानो भऱ्याङको जग्गाको मूल्य अहिले करिवग रु. ६ करोड ५० लाखभन्दा बढी पुगिसकेको यथार्थ जानकारी गराउँन पाउँदा खुशी लागेको छ। त्यसै गरी यस आ.व.को अन्त्यमा कर्जा स्वरूप रु. २४ करोड ९१ लाख लगानी रहेको छ, जुन गत वर्षको तुलनामा १८ % ले वृद्धि भएको छ . समग्रमा संस्थाको यस वर्ष को वासलात करीब ३५ करोड रहेको छ र आगामी वर्षमा वासलातमा करीब ४५ करोड पुर्याउने लक्ष्य राखिएको छ।

३) सहकारी ऐन नियमको पूर्ण पालना गर्दै आ.व. ०७७/०७८ मा संस्थाले घर भाडा कर तथा विभिन्न खर्चको भुक्तानी गर्दा स्रोतमा कर कट्टी गरी रु.१८,२४,९६६/- र आयकर वापत रु.१०,२४,७८५/- समेत गरी जम्मा रु.२८,४९,७५१/- सरकारलाई कर बुझाई राजस्वमा योगदान गरेको व्यहोरा समेत जानकारी गराउद छु।

४) सहकारी आर्थिक नियम कानुनको कडाई र कोरोना महामारी जस्ता समस्याको बाबजुद पनि संस्थाले हरेक वर्ष आयमा वृद्धि गर्दै आएको छ। संस्थाको यस वर्षको वार्षिक आयव्यय हिसाब हेर्दा कुल आम्दानीमा खर्च कटाउँदा पनि सञ्चालन नाफा राम्रो अंकमा देखिन्छ, जुन रु १,०२,४७,८५२/- रहेको छ। तर सहकारी ऐन २०७४ बमोजिम आम्दानीको ठूलो हिस्सा आयकरमा १०%, साधारण जगेडा कोषमा २५ % र अन्य विविध कोषहरू गरी करिव रु. ५२,००,०००/- रकम छुट्याउनु पर्ने बाध्यताले खुद आम्दानीको सानो हिस्सा मात्र लांभाश वितरण गर्न पाउने व्यवस्था रहेको छ। यस्तो प्रतिकुल अवस्थामा पनि शेयर सदस्यज्यूहरुलाई विगत वर्षहरुमा झैं यस वर्षमा पनि सन्तोषजनक रूपमै लांभाश प्रदान गर्न पाएकोमा खुशी लागेको छ। करिव दुई वर्ष अघि सुरु भएको कोभिड-१९ को महामारीको अवस्थामा संस्थाको आम्दानीभन्दा सबै कर्मचारी, सदस्यज्यू र उहाँका परिवारहरुको स्वास्थ्य सुरक्षामा ध्यान दिइएको छ। महामारीबाट सुरक्षित रही सु-स्वास्थ्य रहनु र जीवन जोगिनु नै ठूलो नाफा भएको ठानिएको छ।

५) बढी आम्दानी गर्नको लागि धैरै पूँजी परिचालन गर्नु पर्ने, पूँजी बढाउन लगानी वृद्धि गर्नु पर्ने र लगानी वृद्धि गर्न सदस्यज्यूहरुको शेयर पूँजी तथा बचत रकमको आवश्यकता पर्ने भएकाले शेयर सदस्यज्यूहरुमा पूँजी वृद्धि गरिदिनु हुन विगत वर्षहरुमा झैं यस वर्ष पनि हार्दिक अनुरोध गर्दछु। सहकारी ऐन अनुसार चुक्ता शेयर पूँजीको १५ गुणा बढीसम्म बचत सङ्कलन गर्न पाउने कानुनी प्रावधान रहेको छ तर हालसम्म संस्थामा सङ्कलित वचत रकम रु. २२ करोड ८७ लाख मात्र रहेको छ, जुन चुक्ता शेयर पूँजीको ३ गुणा मात्र हुन आउँछ। तसर्थ सदस्य महानुभावहरुले अहिलेको वचत रकममा दोब्बर पुराइदिई सहयोग गर्नु भएमा लाभांश पनि सोही अनुपातमा उपलब्ध गराउन सकिने कुरामा

विश्वास दिलाउन चाहन्छु । संस्थामा डिपोजिट भएको रकम पूर्ण सुरक्षित तवरले लगानी गर्ने कुरामा सञ्चालक समिति तथा व्यवस्थापन सदैव सचेत र प्रतिबद्ध रहेको छ । तसर्थ सदस्यज्यूहरुले निश्चिन्त भएर वचतमा रकम जम्मा गरी संस्थाको पूँजी बढाउन सहयोग गरिदिन विनम्र आग्रह गर्दछु ।

६) सहकारी संस्था प्राइभेट कम्पनी जस्तो शेयर खरिद गरी चुप बस्ने र नाफा लिने संस्था होइन । सहकारीलाई नाफा कमाउने संस्थाको रुपमा मात्र बुझयौं भने सहकारीको मूल्य, मान्यता र आदर्शको विपरित हुन्छ । त्यसैले छोटो अवधिमा धेरै प्रतिफलको आशा नराखी जोखिमको व्यवस्थापन गर्दै दिगो लाभांश पाउने गरी लगानी गर्ने रणनीति लिनु आवश्यक हुन्छ । हरेक वर्ष संस्थाको वासलातमा क्रमशः वृद्धि हुँदै गएकोले यस संस्थाले शेयर सदस्यहरुको विश्वास जित्न सफल भएको महसुस गरेको छु । संस्थालाई अझ गतिशील बनाउन अध्यक्ष वा सञ्चालक समितिको प्रयासले मात्र पुग्दैन । सहकारी संस्था एउटा वृहद टिमवर्कले चल्ने हो । तसर्थ संस्थाको उन्नति, प्रगतिको गति बढाई अझ उचाई हासिल गर्न सदस्यज्यूहरुको पनि ठूलो जिम्मेवारी रहन्छ । साथै सक्रिय सहयोगको आवश्यकता पर्दछ । सहकारी ऐन नियमको अधिनमा रही सदस्यहरुको हितमा गुणस्तरीय सेवा सुविधा प्रदान गर्न संस्था सधैं प्रतिबद्ध छ ।

७) आ व २०७७/०७८ मा हाम्रो संस्थाले शेयर सदस्यको मृत्यु भएमा अन्तिम संस्कारका लागि सहयोग स्वरुप रु.१०००० दिने निर्णय गरिसकेको छ। कोरोना अवधिमा ऋण भुक्तानी गर्ने सदस्यहरुलाई यथोचित व्याज हर्जाना मिनाह गरिएको छ। आगामी दिनहरुमा ऋणी सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई व्याज मिनाह गर्न संस्थाले आवश्यक कदम चाल्ने छ साथै शेयर सदस्यहरुको समेत बीमा गरिने योजना रहेको छ ।

८) संस्थालाई प्रविधी मैत्री बनाउने उद्देश्यका साथ अब छिट्टै मोबाइल बैंकिङ्गको सेवा शुरु गर्ने योजना राखिएको छ । जसमा ब्यालेन्स तथा स्टेटमेन्टको जानकारी, चेक अनुरोध/रद्ध, लोनको जानकारी, SMS Alert, Utility Bill Payement, E-Teller Payment, QR Code Payment, Fonepay जस्ता सेवा पाइनेछ । यसले संस्थालाई देशमा भएका सहकारीको भिडमा अलग पहिचानको एउटा उत्कृष्ट र उदाहरणीय सहकारी संस्था बनाउने छ भन्नेमा विश्वास गर्न सकिन्छ ।

९) यस संस्थाको कार्य क्षेत्र काठमाडौ उपत्यकाको ३ वटै जिल्ला रहेको छ। तीनै जिल्लामा सेवा विस्तार गर्न ललितपुर र भक्तपुरमा पनि सेवा केन्द्र खोल्ने निर्णय अघिल्लो वर्षमा गरिएको भए तापनि कोरोना महामारीको कारणले सोको कार्यान्वयन हुन सकेको छैन । यस योजनालाई अघि बढाउँन यहाँहरुको सहयोगको अपेक्षा गरेको छु ।

१०) हाम्रो सहकारी संस्था सुशासनमा सञ्चालन गरिएको छ फलस्वरुप जतिसुकै ठूलो कारोवारको लागि स्तरोउन्नती गरिए पनि केही समस्या नआउने देखिन्छ । सहकारी संस्था सानो होस वा ठूलो होस वित्तिय सुचाङ्क राम्रो हुनुपर्दछ । हाम्रो सहकारीको मुख्य उद्देश्य भनेको सदस्यको सन्तुष्टी हो । हामो संस्थाले प्रदान गर्ने सेवा सुविधा, सहुलियत कर्जा, शिक्षा, तालिमका साथै वित्तिय सुचाङ्कमा विशेष जोड दिएकोले संस्था सफल र उत्कृष्ट हुन गई सदस्यहरुको रोजाईको प्राथमिकतामा रहेको कुरा विश्वास गरिन्छ ।

११) सहकारी ऐन २०४७ को दफा ५० (२) ले वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी दर्ता भएको संस्थाले बाहेक अन्य बहुउद्देश्यीय सहकारी संस्थाले वचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन भनी किटान गरेकोले बहुउद्देश्यीय प्रयोजनको लागि जग्गाको खरिद विक्री गरिएको भए तापनि तोकिएको मापदण्ड अनुसार हुन सकेको छैन । तसर्थ यस आ.व.मा उपयुक्त बहुउद्देश्यीय कार्यक्रम सञ्चालन गर्न अनिवार्य भएको छ ।

१२. सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले सहकारी संस्थालाई ब्याजदर, ब्याज अन्तर कारोबार आदिमा कडाई गरेको छ । यसले गर्दा सहकारी संस्थाले धेरै चुनौतीहरुको सामना गर्नु परिरहेको छ र सजगताका साथ अघि बढ्नु पर्ने देख्दछु । ऋणमा तोकिएको ब्याजदरको सीमाको कारणले २/३ वर्ष पहिले जस्तो ब्याजबाट धेरै आम्दानी हुन नसकेको यथार्थ पनि बुझिदिनु हुन शेयर सदस्यज्यूहरुमा आग्रह गर्दछु ।

१३) अन्त्यमा, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सहकारी विभाग, स्थानीय निकायहरु, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ, काठमाण्डौं महानगरपालिका, प्रहरी वृत्त महाराजगञ्ज, स्थानीय मालपोत कार्यालयहरु, कानुनी व्यवसायी, लेखापरीक्षक, इन्जिनियर लगायत सफलतापूर्वक बाह्रौं साधारणसभा सम्पन्न गर्न आ-आफ्नो स्तरबाट सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयर सदस्यज्यूहरु एवम् संस्थाका कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

जय सहकारी !!!

# उपाध्यक्षज्यूको मन्तव्य

**संस्थाको १२ औँ वार्षिक साधारणसभामा उपस्थिती रहनुभएका आदरणीय सभा अध्यक्षज्यू, संरक्षकज्यू, वरिष्ठ सल्लाहकारज्यूहरु, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, समितिका संयोजकज्यूहरु शेयरधनी महानुभावहरु एवम् उपस्थित महानुभावहरु, कर्मचारी मित्रहरु !**

सहकारी ऐन, २०७४ सहकारी नियमावली २०७५ र सहकारी संस्थाको साधारणसभा (कार्य व्यवस्था) निर्देशिका २०७६ मा भएको संस्थाको साधारणसभा सञ्चालन व्यवस्थालाई अक्षरस पालन गर्दै सहकारी विभागको मिति २०७८/०६/०८ गतेको पछिल्लो निर्देशनलाई समेत मध्यनजरमा राखी विधिसम्मत ढङ्गबाट संस्थाको बाह्रौं साधारणसभा सञ्चालन भएको व्यवहोरा सम्पूर्ण शेयरधनी लगायत उपस्थित महानुभावहरु समक्ष सहर्ष जानकारी गराउन चाहन्छु ।

यस अवसरमा संरक्षकज्यू, सल्लाहकारज्यू, पदाधिकारीज्यूहरु, शेयरधनी महानुभावहरुबाट प्राप्त सल्लाह सुझावहरुलाई अङ्गीकार गर्दै संस्थाको दीर्घकालीन हितको लागि प्राथमिकतामा राख्दै अगाडि बढ्ने सङ्कल्प गर्दछौ । कोभिड-१९ महामारीको कारण समग्र अर्थतन्त्रमा परिरहेको नकारात्मक असरका बावजुद शेयरधनी खातावालाहरुको लगानीलाई सुरक्षित राख्दै ऋण प्रवाह एवम् असुलीको दायित्व केही कठिनाईका साथ सम्पन्न गर्दै सुरक्षित लगानी र सन्तोषजनक लाभांस वितरण गर्न संस्था सफल रहेको व्यहोरा सबैमा अवगत गराउँन चाहान्छु ।

यस क्रममा शेयरधनी महानुभावहरुबाट संस्थाका कार्यहरुलाई सहर्ष अनुमोदन गर्दै सम्मती जनाउनु भएकोमा सबैमा आभार व्यक्त गर्न चाहन्छु ।

कोभिड-१९ को माहामारी नेपालमा अझै पूर्ण नियन्त्रणमा आइनसकेको हालको अवस्थामा यसबाट स्वयम् सुरक्षित रहन सबै शेयरधनी लगायत सम्बद्ध महानुभावहरुमा विशेष आग्रह गर्न चाहन्छु । यसको साथै यस विषम परिस्थितिमा समेत आफ्नो विशेष सहभागिता जनाई १२ औ वाषिक साधारणसभा सम्पन्न गर्न सहयोग गर्नुहुने श्रीमान संरक्षकज्यू, सल्लाकारज्यूहरु, शेयरधनी महानुभावहरु, पदाधिकारीज्यूहरु, लगायत सम्बन्धित सबैमा विशेष आभार सहित हार्दिक धन्यवाद अर्पण गर्न चाहन्छु । साथै नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, सम्बन्धित संघ संस्था, कार्यालय, बैकहरु, कानुन व्यवसायी, लेखा परीक्षक, कर्मचारी मित्रहरु सबै प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबै महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

जय सहकारी !!!

# (क) भाखा नाघेको ऋण विश्लेषण र व्यवस्थापनका उपायहरु

सामान्यतया भाखा नाघेको ऋण भन्नाले आम रुपमा ऋणको जम्मा अवधि सकिएपछिको शुरुको दिनदेखिलाई गणना गर्नुपर्छ भन्ने परम्परागत धारणा रहेको पाईन्छ । भाखा नाघेको ऋणको गणना गर्न वा शुद्ध प्रतिशत मापन गर्नको लागि यो पर्याप्त छैन । वचत ऋण सहकारीको वित्तिय स्वास्थ्य जाँचको लागि प्रयोग हुने पर्ल्स प्रणालीले भाखा नाघेको ऋणको गणना गर्नको लागि ऋण लगानी अनिवार्य रुपमा किस्तावन्दीमा हुनुपर्ने कुरालाई जोड दिन्छ । यद्यपी सहकारी संस्थाले ऋणको किस्तालाई सदस्य अनुकुल बनाउन सक्लान । यसरी किस्तामा लगानी गरिएको ऋणलाई मात्र हामीले भाखा नाघेको छ कि छैन भनेर विश्लेषण गर्न सक्छौं । सहकारी मापदण्ड २०६८ ले राष्ट्र बैंकबाट सिमित बैंकिङ कारोबार गर्न स्विकृत प्राप्त सहकारी र राष्ट्रिय सहकारी बैंक बाहेकका सबै सहकारीले लगानी गर्ने ऋणको वर्गिकरण निम्नानुसार तिन भागमा बाँड्न र सोहि बमोजिम ऋण जोखिम कोषको व्यवस्थापन गर्नको लागि निर्देश गरेको छ ।

**ऋणको वर्गीकरण**

| **ऋणको वर्गीकरण** | **भाखा नाघेको अवधि** | **ऋण नोक्सानी कोषको व्यवस्था** |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | कुल लगानीको १ प्रतिशत |
| शंकास्पद ऋण | १ दिन देखि ३६५ ऋैं दिनसम्म भाखा नाघेको | कुल भाखा नाघेको ऋणको ३५ प्रतिशत |
| खराब ऋण | ३६६ दिनदेखि उता | कुल भाखा नाघेको ऋणको १०० प्रतिशत |

यहाँ अवधिको विषयमा थोरै चर्चा गरौं । भाखा ननाघेको अथवा असल ऋण भन्नाले सहकारीले ऋणीलाई दिएको भुक्तानी तालिका बमोजिम नियमित रुपमा साँवा र किस्ता बुझ्फाईरहेको ऋणको कुल जोड हो । त्यस्तै संकास्पद ऋण भन्नाले ऋणीलाई उपलब्ध गराइएको ऋण भुक्तानी तालिका बमोजिम ऋणीले ऋण भुक्तानी नगरेको दिनदेखि ३६५ औं दिनसम्मको अवधिलाई बुझ्नुपर्छ । यहाँ महत्वपूर्ण विषय भाखा नाघेको ऋणको विश्लेषणको लागि ऋण दिने संस्था र ऋणी सदस्यबीचमा ऋण प्रवाह हुँदाको बखत गरिएको सम्झौतापत्र र ऋण भुक्तानी तालिकाको अनिवार्य व्यवस्था गरिएको छ छैन भन्नेमा निर्भर रहन्छ । यदि ऋण लाने सदस्यलाई कहिले र कुन मितिमा कति कति साँवा र व्याज भुक्तानी गर्नुपर्ने हो सो को विवरण उपलब्ध गराईएन भने असुलीमा जटिलता आउन सक्छ र त्यस्तो ऋणको व्यवस्थापन गर्न कठिन हुन्छ । यसर्थ ऋण प्रवाह गर्दा नै ऋणको कुल अवधि र भुक्तानी तालिका अनिवार्य रुपमा उपलब्ध गराउनुपर्छ । त्यस्तै खराब ऋण भन्नाले भाखा नाघेर एक वर्ष अर्थात ३६५ दिन पुरा भएको ऋणको कुल जोड हो ।

सन् २०१५ को अक्कु फोरममा फिलिपिन्सको नाट्कोका शिक्षा समितिका कन्सल्टेन्ट देसिबेल काबेलले प्रस्तुत गरेको ऋण व्यवस्थापनभित्रको क्यान्सर, यसको रोकथामका उपायहरु विषयक कार्यपत्रमा उल्लेख गरिएका भाखा नाघेको ऋणको व्यवस्थापन गर्ने सम्बन्धि विषयमा यहाँ चर्चा गर्न चाहन्छु ।

काबेलले प्रस्तुत गरेको ऋणको चक्रमा भाखा नाघेको ऋणलाई निम्नानुसारका चरणहरुबाट व्यवस्थापन गर्नुपर्ने कुरा सुझाएका छन् ।

क) भाखा नाघेको ऋण असुलीको लागि पत्र, भेटघाट र नियमित सम्पर्क

ख) ऋणीसँगको पुर्नवार्ता अर्थात रिनेगोसिएसन

ग) कानुनी तरिकाद्धारा असुलीको योजना

घ) हिसाब राफसाफ अर्थात राइट अफ

ङ) राफसाफ पछिको असुली

उनले भाखा नाघेको ऋणको कारण, शुरुवाती उपचार र रणनैतिक असुली विधि गरी त्रिपक्षिय विश्लेषणात्मक प्रस्तुती मार्फत १० वटा मुख्य बुँदाहरु प्रस्तुत गरेका छन् । जसलाई यहाँ अध्ययन गर्न सजिलो हुने तरिकाले प्रस्तुत गर्न चाहन्छु ।

कारण १० : ऋण पोर्टफोलियोको स्वास्थ्य अनुगमन हुन नसक्नु

**मुख्य कारणहरुः**

१. ऋणीको खाता विवरण र ऋणको प्रतिवेदन (लोन एजिङ) को निर्माण हुन नसक्नु

२. ऋणको प्रतिवेदन नियमित होइन कि आवश्यकताको आधारमा मात्र बनाईनु,

३. कम्प्युटर वा सफ्टवेयरको सिष्टमले दैनिक असुलीको तालिका बनाउन नसक्नु,

४. प्रत्येक दिन असुलीको लागि सुची तयार गर्न नसक्नु,

५. असुली भैरहेको वा सजिलो ऋणको मात्र अनुगमन गर्नु ।

**शुरुको उपचार**

१. ऋण भुक्तानी हुने समयमा नै तुरुन्तै सम्बन्धित खाता र ऋणको एजिङलाई अद्यावधिक गरिहाल्ने,

२. असुल गर्नुपर्ने ऋणीको विवरणलाई एक हप्ता अगाडि नै निम्न व्यहोरा सहितको सुचीको तयारी गर्ने ।

**ऋणीको नाम**

१. असुल गर्नुपर्ने रकम (साँवा र व्याज सहित)

२. साक्षी वा धनजमानीको विवरण

**रणनैतिक उपचारः**

१. अत्याधुनिक सुचना प्रविधिको व्यवस्थापन गर्ने ताकि प्रत्येक दिन ऋणको खाता सम्बन्धित सफ्टवेयरबाट जाँच गर्न सकियोस् ।

२. मासिक रुपमा ऋण लगानी र असुलीको विवरण प्रस्तुत र छलफल

३. भाखा नाघेका मध्ये सबैभन्दा जटिल पहिलो २० प्रतिशत ऋण असुलीलाई प्राथमिकता दिने,

४. नयाँ भाखा नाघेको ऋणीको असुलीको प्रतिवेदन तयारीको नियमित अभ्यास गर्ने । अर्थात कसरी असुली भयो भन्ने विषयमा सामान्य प्रतिवेदन बनाउने ताकि त्यो रणनीति भविष्यमा पनि काम लागोस् ।

## कारण ९ः असुली सम्बन्धि सुचना प्रवाहमा अनियमितता

**मुख्य कारणहरु**

१. भाखा नाघेको ऋणको क्यालेण्डर बनाई सोहि अनुसार सुचना प्रवाह गरिएको छैन,

२. असुलीको सुचना पठाउँदा प्रत्येक पटकको भाषा उस्तै हुने गर्छ ।

**शुरुको उपचार**

१. पहिलो स्मरण पत्र ७ औं दिनमा

२. पहिलो ऋण असुली सम्बन्धि पत्र १६ औं दिनमा

३. दोस्रो ऋण असुली सम्बन्धि पत्र ४१ औं दिनमा

४. अन्तिम ऋण असुली सम्बन्धि पत्र ६१ औं दिनमा

५. कानुनी व्यहोरा सहितको पत्र ७३ औं दिनमा

**रणनैतिक उपचार**

१. भाखा नाघेको ऋणको क्यालेण्डर बनाउने,

२. सबै ऋणलाई ऋणको एजिङ प्रतिवेदनमा समावेश गर्ने,

३. ऋण असुलीको लागि पत्रको ढाँचा र विवरणमा उत्कृष्टता ल्याउने,

४. पत्र र सूचना पठाउने मात्रै होइन, सम्बन्धित ऋणीसँग वार्तालाप समेत गर्ने ।

## कारण ८ः ऋण जोखिम कोषमा अत्याधिक खर्च

**मुख्य कारणहरु**

१. ३६५ दिनभन्दा बढि भाखा नाघेको ऋणको आकार निरन्तर बढ्दै जानु,

२. असुली नीति छ तर कार्यान्वयनमा नल्याउनु

**शुरुको उपचारः**

१. सम्बन्धित ऋणी सदस्यको शेयर पुँजी मार्फत असुलीको प्रयास गर्ने,

२. अन्य कुनै सम्पत्तिको बारेमा समेत ध्यान दिने ।

**रणनैतिक उपचार**

१. केहि विशिष्ट व्यक्ति वा सदस्यहरुको सानो समूह वा उपसमिति बनाई जटिल ऋणीहरुसँग वार्तालाप थाल्ने,

२. प्रत्येक जटिल ऋणको विवरणको विश्लेषण गर्ने र असुलीको लक्ष्य निर्धारण गर्ने,

३. सबैभन्दा माथिल्लो जटिल २० प्रतिशत ऋणीमा विशेष ध्यान केन्द्रित गर्ने र अन्य सम्पत्ति मार्फत असुल हुन सक्ने नसक्ने बारेमा निर्क्यौल गर्ने ।

## कारण ७:भाखा नाघेको ऋण असुलीमा नखाम्ने धितो

**मुख्य कारणहरु**

१. ऋणको लागि राखिएको धितो ऋणीसँग सम्बन्धित नहुनु,

२. असुली र राफसाफको लागि कानुनी बाटो नरोज्नु,

३. ऋणका कागजातहरु कमजोर बनाईनु अर्थात कागजातमा प्रश्न उठाउने ठाँउ रहनु ।

**शुरुको उपचार**

१. स्वेच्छिक रुपमा ऋणीलाई ऋण तिर्ने वातावरण बनाइदिने ।

**रणनैतिक उपचार**

१. असुलीको लागि कानुनी प्रक्रियाको सबै विवरणहरु सहितको असुली नीति हुनुपर्ने । असुली नीतिमा असुली गर्ने कानुनी सम्पूर्ण प्रक्रियाहरुको कार्यविधि निर्माण भएको हुनुपर्ने ।

२. घरजग्गा धितोको हकमा आवश्यक समिक्षा गरी सकेसम्म चाँडो र फाईदाजनक ढंगबाट असुली हुने प्रक्रिया अवलम्बन गर्ने ।

## कारण ६ : धितोको पर्याप्तता

**मुख्य कारणहरु**

१. धितोको विश्लेषण नगुर्नु र स्वीकार मात्र गर्नु

२. पर्याप्त मात्रामा कानुनी आधारमा धितो नराखिनु,

३. कहिलेकाँहि धितोको कागजातलाई मात्र आधार मान्नु,

४. अन्य पक्षले अधिग्रहण गरिसकेको धितोलाई आधार मान्नु ।

**शुरुको उपचारः**

१. सम्बन्धित पक्ष धितो मूल्यांकनमा प्रशिक्षित हुनुपर्ने, सम्बन्धित पक्ष भन्नाले ऋण उपसमिति, ऋण हेर्ने कर्मचारी र व्यवस्थापकलाई बुझ्नुपर्छ ।

२. प्रशिक्षणमा सिकेको विषयलाई आत्मसात गर्ने र लागु गर्ने ।

**रणनैतिक उपचारः**

१. धितो मूल्यांकन गर्नको लागि वाह्य मूल्यांकनकर्तालाई लगाउने,

२. धितो मूल्यांकन सम्बन्धि पर्याप्त नीति तथा कार्यविधि हुनुपर्ने ।

## कारण ५ : शेयर धितो जमानतमा ऋण

**मूख्य कारणहरुः**

१. सेयर रकमको अधिक गुणामा ऋण प्रवाह गर्नु ।

२. अत्याधिक मात्रामा सदस्य बाहिरिने क्रम नरोकिनु ।

**शुरुको उपचारः**

१. यसमा कुनै उपचार पद्धति छैन ।

**रणनैतिक उपचारः**

१. मूख्य रणनीति, क्षमतामा आधारित ऋण लगानीलाई मात्र प्राथमिकता दिने ।

२. सम्बन्धित ऋणीको आयस्रोतको आधारमा मात्र ऋण प्रवाह गर्ने ।

**कारण ४ : ऋण नविकरणको अभ्यास**

**मूख्य कारणहरुः**

१. असुली प्रयासभन्दा नविकरण प्रयासलाई बढि प्राथमिकता दिनु

२. एकै जना ऋणीलाई एकपटक भन्दा बढि नविकरणको सुविधा दिनु,

३. नविकरण सम्बन्धि नीति अत्यन्तै खुकुलो हुनु ।

**शुरुको उपचारः**

१. शुरु भुक्तानीको लागि तालिकाको पुर्ननिर्माण र आवश्यक छलफल शुरु गर्ने,

२. पहिलो र अन्तिम पटकको लागि गरिएको ऋण नविकरणको असुली प्रक्रियामा आवश्यक कडा भन्दा कडा नियमले बाँध्ने,

३. उच्चस्तरको ऋण अनुगमनको संयन्त्रको निर्माण गर्ने ।

**रणनैतिक उपचारः**

१. ऋण नीतिमा पहिलो र अन्तिमपटकको लागि गरिने नविकरण सम्बन्धि कडा नियमको व्यवस्था गर्ने,

२. नविकरण गरिएको ऋणको वाह्रय लेखापरिक्षण अनिवार्य रुपमा गरिएको हुनुपर्छ ।

३. नविकरण एकपटक मात्र गरिने व्यहोरा नीतिगत रुपमा उल्लेख गरिनुपर्छ ।

**कारण ३ : ऋणको पुर्व विश्लेषणको अभाव**

**मूख्य कारणहरुः**

१. आवश्यक कागजातहरु संकलन नगर्नु,

२. कागजातहरुको राम्रोसँग परिक्षण र विश्लेषण नगर्नु,

३. ऋणको आवेदन गर्दाको ऋण मागलाई नै अन्तिम स्वीकृती गर्नु ।

**शुरुको उपचारः**

१. क्षमतामा आधारित ऋण लगानीलाई प्राथमिकता दिने

२. सम्बन्धित सदस्यको आम्दानीको स्रोत अनुसारका कागजातहरुको माग गर्ने र आवश्यक परिक्षण गर्ने

**रणनैतिक उपचारः**

१. नीतिगत रुपमै ऋण विश्लेषणको आवश्यक विधि व्यवस्था गर्ने,

२. ऋण प्रोडक्ट अनुसारका कागजातहरुको सुचीको लागि नीतिगत व्यवस्था गर्ने,

३. ऋणको मात्रै कामकारबाही गर्ने एकजना छुट्टै कर्मचारीको व्यवस्था हुनुपर्ने ।

**कारण २ : ऋणी सम्बन्धि सुचना संकलनमा कमी**

**मूख्य कारणहरु**

१. सदस्य लिंदाका बखत लिइएको सामान्य सदस्यता फारम मात्र हुनु, त्यसलाई वर्षौं सम्म पनि अद्यावधिक नगरिनु ।

२. सदस्यको आयस्रोतको विवरण नमाग्नु वा तयार नगर्नु,

३. सदस्यता फारम औपचारिकताका लागि मात्र संकलन गर्नु ।

**शुरुको उपचारः**

१. सदस्यता बन्ने समयमा नै आवश्यक मात्रामा सम्बन्धित सदस्यको आय विवरणहरुको बारेमा उल्लेख गरेर राख्ने,

२. ऋण माग गर्ने वखत लिइएको अर्न्तवार्ताबाट प्राप्त सूचनालाई औपचारिकता दिने भन्दा पनि त्यस्ता सूचनाहरु प्रमाणित गर्ने ।

**रणनैतिक उपचारः**

१. नीतिगत रुपमै ऋणीको आर्थिक विश्लेषण गर्ने व्यवस्था मिलाउने,

२. विशेषगरी ऋणीको आयस्रोतको ढाँचा र सम्पत्ति दायित्वको विवरणको अनुसन्धान गर्ने,

३. वित्तिय विवरणहरु अध्ययन र विश्लेषण गर्न सक्ने व्यक्तिलाई मात्र ऋण विश्लेषणको जिम्मा दिने ।

**कारण १ : नगद प्रवाहको ख्याल नराख्नु**

**मूख्य कारणहरु**

१. ऋणीको नगद प्रवाहको विवरणलाई प्रमाणित नगर्नु,

२. अथवा नगद प्रवाहको विवरण लिने तर्फ ध्यान नदिनु

**शुरुको उपचारः**

१. ऋणीको आम्दानी र खर्चको विस्तृत विवरणको संकलन गर्नु

२. ऋणीको खुद वचत र ऋण माग विचको तुलना गर्नु

३. ऋणीले तिर्नसक्ने किस्ता अवधि र कुल किस्ताको गणना गर्नु ।

**रणनैतिक उपचार**

१. सबै सदस्यहरुको नगद प्रवाहको तथ्यांक अद्यावधिक गर्ने,

२. मुख्य गरी खाना, वास र शिक्षाका खर्चहरुको स्थितिलाई ध्यान दिने,

३. ऋण विश्लेषणमा सम्बन्धित सदस्यको नगद प्रवाह गर्नको निमित्त स्वचालित संयन्त्रको व्यवस्था गर्ने,

४. अन्तिममा ऋणीले प्रस्ताव गरेको परियोजना वा व्यवसायको भविष्यमा के स्थिति हुन्छ भन्ने विषयमा विश्लेषण गर्ने ।

काबेलले मुख्य गरी ५ वटा बुँदालाई विना सर्त सुरक्षित ऋण लगानीको आधार बनाइनुपर्ने कुरामा जोड दिएका छन् ।

क) जटिल र विश्लेषणात्मक कार्यको लागि दक्ष र प्रशिक्षित जनशक्तिको नियुक्ति

ख) विस्तृत तर सबैले बुभ्mने खालको नीति र कार्यविधिको निर्माण

ग) ऋणको प्रक्रियामा प्रयोग हुने सबैखाले कागजात तथा औजारहरुको अद्यावधिक समिक्षा

घ) सूचना प्रविधि र सफ्टवेयरमा विशेष लगानी र स्वचालित बनाउने र

ङ) केन्द्रिय संघहरुले सञ्चालन गरेका विभिन्न सुपरिवेक्षकिय कार्यक्रमहरुमा भाग लिने ।

वचत ऋण सहकारीको मूख्य व्यावसायिक आधार नै सुरक्षित र भरपर्दो ऋण लगानी हो । ऋणलाई मुख्य व्यावसायिक आधार मानेर यसलाई सुरक्षित गर्ने जिम्मा सञ्चालक र व्यवस्थापनको हो । ऋणलाई जोखिमरहित तरिकाले लगानी गर्न सकियो भने मात्र सदस्यलाई वित्तिय सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न सकिन्छ ।

साभार : बल्लभ तिमल्सिना, नेफस्कून

अर्थ बजार डट कम

# (ख) सहकारीमार्फत देश निर्माणको सामुदायिक प्रतिनिधित्व

सरकार, समुदाय र निजी क्षेत्र मिलेर मुलुकको अर्थतन्त्र माथि उठाउनुपर्छ । त्यसका लागि सरकार समन्वयकारी भूमिकामा रहन्छ । सरकारले लगानी गर्दैन, व्यवस्थापन गर्छ । संविधानमा आधारित रहेर सरकारले नीति निर्माण गर्ने हो । संविधानमा व्यवस्था गरिएको कुराहरू अहिले लागू गर्न कठिन भइरहेको छ ।

समग्रमा समुदायलाई उत्पादनसँग जोड्नुपर्छ । समुदायलाई नै जोडेर विकास र प्रगतिको बाटोमा जानुपर्छ । सरकार, समुदाय र निजी क्षेत्र यी तीन वटा कुरालाई जोडेर जाने हो । यसमा समुदाय मुख्य हो । समुदायले नै सबैलाई नेतृत्व गरिरहेको हुन्छ । यसरी हामी जान सक्यो भने छोटो समयमा समृद्ध हासिल गर्न सकिन्छ ।

हरेक वडामा सहकारी संस्थाले उत्पादन गरोस् । सरकारका कार्यक्रमहरूलाई सहयोग गरेर रोजगारी सिर्जना गरोस् । यसरी सरकार र सहकारीको तालमेल मिलाउँदै गयौं भने रोजगारीको संकट समाधान हुन्छ ।

**सहकारी प्राचीन संस्कृतिकै रूप हो**

नेपालको विकासक्रमलाई हेर्ने हो भने सामुदायिक रूपमा रहेको देखिन्छ । मुलुकका ठूलाठूला भवनहरू, दरबारहरू समुदायले सहकार्यमार्फत् निर्माण गरेको हामी बुझ्छौं । त्यो बेला जोसुकैले बनाउन निर्देश गरेको भएपनि ठूला निर्माणहरू समुदाय स्तरबाटै भएको देखिन्छ ।

अहिले समुदाय केन्द्रित भएर समग्र राष्ट्रको विकास गर्नुपर्ने आवश्यकता रहेको छ । हिजो जसरी सहकार्य मार्फत् सामुदायिक स्तरबाट ठूला निर्माण भएका थिए, त्यसरी नै आज सहकारी मार्फत् ठूला योजनाहरू गर्न सक्छौं । हिजोको प्राचीन अभ्यास संगठनका रूपमा आज सहकारी रहेको छ । सहकारीहरूले देश निर्माणको सामुदायिक प्रतिनिधित्व गरेका छन् । सहकारीमा सबै क्षेत्र, जाति, लिङ्ग, वर्गको सहभागिता रहेको छ । यहाँ कुनै जाति, वर्ग भनेर भेदभाव छैन । सद्भाव छ । यो संस्कृतिलाई कायम गरेर अब समुदाय केन्द्रित रहेको देश विकासमा लाग्नुपर्छ ।

**सहकारीले उत्पादनमुलक क्षेत्रमा लगानी गर्नुपर्छ**

सहकारीहरूले अधिकांश लगानी अनुत्पादक क्षेत्रमा लगाएको तथ्यांकबाट देखिएको छ । त्यो लगानी अब उत्पादनमुलक क्षेत्रमा लगाएर समग्र मुलुकको विकास गर्नुपर्छ । उत्पादन क्षेत्रमा लगानी गरे सहकारी संस्थाको मात्र उन्नति नभएर समग्र समुदाय र राष्ट्रकै उन्नति हुन्छ । यसले हाम्रो परनिर्भरता घट्छ ।

**सहकारीले कम्पनी खोलेर लगानी गर्न पाउने**

सहकारीहरूले कम्पनी खोलेर पूँजी लगानी गर्न पाउने नीति पारित भएको छ । यो सहकारीहरूले लगानी गर्न नपाउने स्थिति भएको भन्ने कुराका आधारमा व्यवस्था गरिएको हो । अब जनतासँग भएको पैसा सहकारीहरूले संकलन गरेर लगानी गर्न पाउँछन् । यसलाई छिटो कार्यान्वयनको बाटोमा लैजानुपर्छ । यसका लागि कार्यविधि तयार भइरहेको छ । यसबाट अरबौं पैसा उत्पादन क्षेत्रमा लगानी हुनेछ । यसले हाम्रो आर्थिक क्षेत्रमा धेरै ठुलो परिणाम ल्याउनेछ । सरकारको पूँजीगत खर्चको थोरै हिस्सा मात्र लगानी भइरहेको अवस्थामा यो व्यवस्था राष्ट्रिय अर्थतन्त्र निर्माणमा एक खम्बाको रूपमा रहनेछ ।

**विकेन्द्रित पूँजीलाई केन्द्रित गर्नुपर्छ**

हरेक व्यक्तिको खल्तीमा धेरै/थोरै पैसा छ । त्यो निकै ठूलो छ । खरबौं छ । त्यो विकेन्द्रिकृत पूँजीलाई केन्द्रिकृत गरी लगानी लगर्ने वातावरण निर्माण गरौं । खासगरी उत्पादनमूलक क्षेत्रमा त्यो पैसा लगानी गरौं । त्यसमा सहकारीहरू अग्रपंक्तिमा हुनेछन् । ठूला वाणिज्य बैंकहरूले पनि ठूला कुरा गरिरहेका छन् । तर उनीहरू र जनताबीचको दूरी टाढा छ । उनीहरूको प्रत्यक्ष संवाद तथा पहुँच हुन सक्दैन । कम छ । त्यसैले वाणिज्य बैंकबाट सेवा सुविधा लिने कुरा आम जनताका लागि गाह्रो विषय छ । तर सहकारी आफ्नै पूँजी, आफैं परिचालन गरेर, आफैं उत्पादन गरेर आफैं समृद्ध हुने नीति छ । यसमा सहकारीसँगै लघुवित्तको पनि महत्वपूर्ण भूमिका रहेको छ ।

हामीलाई रोजगारी चाहिएको छ । हामीलाई स्वरोजगार चाहिएको छ । यसमा सहकारीले महत्वपूर्ण भूमिका खेल्छ । सहकारीले रोजगारी सिर्जना गर्छ, यसले स्वरोजगार बनाउँछ । त्यसैले नेपाल सरकारले सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा स्वीकार गर्नुको कारण पनि त्यही हो । यो खम्बा जति बलियो हुन्छ, त्यति मुलुक आर्थिक रूपमा बलियो हुन्छ । यसर्थ यो खम्बा अरूभन्दा बलियो हुन जरुरी छ ।

**सहकारीको नियमनकारी निकाय आवश्यक**

अहिले कतिपय सहकारीले अरबौं पैसा जम्मा गरेर हिनामिना गरेको कुरा आइरहेका छन् । गाउँका आमाबुवाको भत्ताको पैसा, अलिअलि जोडेको पैसा लिएर कतिपयले बदमासी गरेको कुरा आएको छ । तर त्यस्तो गलत क्रियाकलापलाई निमन गर्ने निकाय खासगरी यहाँ रहेनछ ।

यहाँ सहकारी विभाग त छ, तर ठ्याक्कै यसलाई नियमन गर्ने विशिष्ट निकाय छैन । राष्ट्र बैंकलाई पनि मैले सोधेँ, यो क्षेत्र उसको क्षेत्रभित्र पर्दैन भन्ने जवाफ आयो । त्यसो भए नियमन कसले गर्ने हो त ?, संस्था छैन । त्यसैले सहकारीलाई नियमन गर्ने संस्थाको आवश्यकता देखिएको छ । जुन संस्थाले सहकारीभित्रका विकृतिलाई नियन्त्रण गर्न सकोस् । यो अहिले छलफलको क्रममा रहेको छ ।

**आर्थिक विकास भएर मात्र हुँदैन**

समाज परिवर्तनका लागि आर्थिक विकास भएर मात्र हुँदैन । सामाजिक सांस्कृति रूपान्तरण पनि हुनुपर्छ । सामाजिक सांस्कृति रूपान्तरण भएन भने समाजमा अनेक किसिमका समस्याहरू उत्पन्न हुन्छन् । यी दुवै कुरालाई सँगसँगै लैजानुपर्छ । एकातिर सामाजिक सम्बन्ध मजबुत र सौहार्द हुन्छ । त्यहाँ सद्भाव हुन्छ । अनि संस्कृति पनि राम्रो बन्दै जान्छ । अनि अर्कोतिर हाम्रो आर्थिक रूपले हाम्रो जीवनस्तर पनि माथि उठ्दै जान्छ । यो सामूहिक सहकार्यमा मात्रै सम्भव छ । त्यसैले यसमा हामी सबै लागौं ।

(साभार : अर्थमन्त्री जनार्दन शर्माले राजधानीस्थित स्यूचाटार बचत तथा ऋण सहकारी संस्थाको १५ औं वार्षिकोत्सव तथा साधारण सभालाई गर्नुभएको सम्बोधनको सम्पादित अंश)

## (ग) नेपाल बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीसँग सहकारी अखवारले सहकारीको कम्पनी खोल्ने विषयमा गरेको कुराकानीको सम्पादित अंश ।

**अर्थमन्त्रीले सहकारीले भगिनी कम्पनी खोलेर लगानी गर्न पाउनुपर्छ भन्नु भएको छ यसलाई तपाइले कसरी लिनुहुन्छ ?**

बचत तथा ऋण सहकारी संस्थालाई काम गर्न सहजताका लागि कम्पनी खोल्ने प्रावधान ल्याउन खोजेको जस्तो लाग्छ । सदस्य र समुदायलाई उपयोग हुने गरी उत्पादनमूलक उद्योग खोल्न सकिन्छ । भगिनी कम्पनी खोलेर सेवा दिने कुरा राम्रै हो जस्तो लाग्छ मलाई ।

**लगानीको मोडल अनि पुँजीको दायरा कस्तो हुने अपेक्षा गर्न सकिन्छ ?**

सक्षम भइसकेका सहकारीले कम्पनी खोलेर उत्पादनमूलक काम गर्न सक्छन् । सेयर पुँजी र जगेडा कोषको ५० प्रतिशत लगानी गर्न सक्ने व्यवस्था छ । सदस्यको बचत छुने होइन । खास गरेर, सेयर भन्दा पनि जगेडा कोषको ५० प्रतिशत कम्पनीमा लगानी गर्दा उपयुक्त हुन्छ ।

ऋण कोषमा अप्ठ्यारो हुँदैन । सहकारीकै सेयर पुँजी रहने गरी कम्पनी स्थापना गरिनुपर्छ । बचत तथा ऋण कारोबार सहकारीले गर्छ । अन्य विभिन्न काम कम्पनीले गर्छ । प्रत्यक्ष रूपमा सदस्यलाई आवश्यक पर्ने, समुदायलाई फाइदा पुग्ने खालका लगानी गर्न सके राम्रै हुन्छ ।

**कम्पनीमा सीमित व्यक्तिको हालीमुहाली हुनसक्ने सम्भावना पनि होला नि, सदस्यको स्वामित्व कम्पनीमा रहला की न रहला ?**

सहकारी संस्थाले नै कम्पनी खोल्ने हो । व्यक्ति व्यक्ति मिलेर कम्पनी स्थापना गर्ने होइन । बचत तथा ऋण सहकारी संस्थालाई अन्य काम गर्न पाइँदैन भन्ने अवस्थामा सहकारीको जगेडा कोषले लगानी गर्छ ।

सहकारीको शिक्षा, स्वास्थ्य, कृषिलगायतमा ८/१० वटा कम्पनी हुन सक्छ । अक्सिजन प्लान्ट, डाइग्नोस्टिक सेन्टर सहकारी कम्पनीले खोल्न सक्छ ।

बजार व्यवस्थापनको काम पनि कम्पनीबाट हुन सक्छ । प्रतिस्पर्धा गर्नुपर्ने अवस्था सामूहिकरुपमा गर्नु पर्छ । सदस्यको मागलाई ध्यानमा राखी उत्पादनका काम गर्न सक्छन् ।

**धेरै कानुन सहकारी मैत्री नभएको कुरा उठिरहेको छ । सहकारी ऐनले विशिष्टीकृत सहकारी स□को अवधारणा पनि लिएको छ ? अव यो कम्पनी अवधारणा कसरी अघि बढ्ला ?**

सहकारी, सहकारी मिलेर विशिष्टीकृत सहकारी सङ्घ गठन हुन्छ । त्यो ठुलो स्केलमा काम गर्ने निकाय हो । अब एउटा सहकारीले पनि कम्पनी खोलेर धेरै काम गर्न सक्ने भयो । एउटै सहकारीले पनि धेरै कम्पनी स्थापना गरेर आफ्ना सदस्यको आवश्यकता परिपूर्ति गर्न सक्छ ।

अरू कुरा भन्दा पनि सदस्यको हित हुने खालका क्षेत्रमा लगानी गर्नुपर्छ । सदस्यले सहजरुपमा सुविधा पाउँछन् । बहुउद्देश्यीयले आफैँ पनि काम गर्न सक्छन् । बचत तथा ऋण सहकारीले कम्पनीको उपयोग भरपुर तरिकाले गर्न सक्छन् ।

**कम्पनी खोल्ने प्रावधान कसरी कार्यान्वयन हुन्छ, सहकारी विभागले कुनै मेकानिजम् बनाउनु पर्छ की ?**

कार्यविधि नबनीकन त हुँदै हुँदैन । अहिले पनि कम्पनी ऐन परिवर्तन गर्नुपर्ने अवस्था छ । सहकारीको लगानीलाई कम्पनी ऐनले रोकेको छ । विगतमा हामीले हाइड्रोपावरमा लगानी गरेको पैसा फिर्ता लगेको अवस्था छ । विभागले कार्यविधि त बनाउनु पर्छ नै । अरू ऐन पनि संशोधन गर्नुपर्ने अवस्था छ ।

**अब कम्पनी खोल्दा सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले के विषयमा प्राथमिकता दिने योजना छ ?**

हामी स्वास्थ्य, शिक्षा कृषि उत्पादन, बजारीकरण र प्रशोधनमा जाने योजनामा छौँ । अहिले पनि हामीसँग एक अर्ब रुपैयाँ छ । जगेडा कोषमा भएको रकम प्रयोग गरेर स्वास्थ्य क्षेत्रमा जान खोजिरहेका छौँ ।

डाइग्नोस्टिक सेन्टर, फार्मेसी, औषधि सञ्चालन गर्ने योजना छ । कृषि तथा प्राविधिक शिक्षालय क्षेत्रमा हामीले काम गर्न खोजेका छौँ। विभिन्न खालका उद्योग सञ्चालन गर्न सकिन्छ । प्रदेशमै पुग्ने गरी मौरी उद्योग खोल्ने योजना बनाएका छौँ । शिक्षा क्षेत्रमा पनि नमुना विद्यालय सञ्चालन गर्ने योजना छ ।

**कम्पनी मोडेलमा जाँदा सहकारीको साख गुम्ने खतरा छैन ?**

सहकारीले कम्पनी खोलेर काम गर्दा पनि सम्पूर्ण नाफा घाटा सहकारीमै आउँछ । कुनै व्यक्ति मिलेर कम्पनी नखोल्ने भएकाले सहकारीकै लगानी कम्पनी ऐन अन्तर्गत खुल्ने भए । हामीसँग डेढ लाख सदस्य छन् । कम्पनी ती सबै सदस्यको नै हुन्छ । व्यक्ति व्यक्ति मिलेर कम्पनी चलाउन खोजेको होइन ।

**कम्पनीमा सहकारीको पुँजी कम हुँदा अरू व्यक्तिले कम्पनीमा लगानी थप्न सक्छन् कि सक्दैनन् ?**

अहिलेको कम्पनी ऐनले त्यो गाह्रो होला जस्तो देखियो । डेढ लाख हाम्रो सदस्य भइरहँदा ५० जनाले संस्थाको पैसा हाल्ने अरूले थप हाल्ने भन्ने हुँदैन । त्यसो गर्दा समस्या हुन सक्छ । एउटा मोडेल बनाउनुपर्छ । २०/२५ वटा कम्पनी खोलियो र सबैलाई फरक फरक कम्पनीमा समावेश गरियो भने त्यो फरक कुरा हो । तर मेरो विचारमा सहकारीकै स्वामित्वमा कम्पनीको लगानी हुनुपर्छ ।

**सहकारीको पुँजी कम्पनीमा लगानी गर्दा केही ठुला सहकारीहरू समस्यामा परेको उदाहरण प्रशस्तै छन् । अब झन् वैधानिक रूपमै कम्पनीमा जान सहकारीलाई छुट दिँदा समस्या आउन सक्ने खतरा रहँदैन ?**

सदस्यको सेयर, बचत ७० प्रतिशत भन्दा बढी एउटै क्षेत्रमा लगानी गरेकोले ती संस्था समस्यामा परेका हुन् । आफ्नो बैङ्किङ व्यवसाय नै चौपट पारेर कम्पनीमा लगानी गरेको अवस्था हो । म त के भन्छु भने अब कम्पनी खोल्दा सेयर पनि नहालौं भन्छु । जगेडा कोषको मात्रै पैसा हालौं भन्छु ।

सहकारी मजबुत बनाएर कोष बनाउने र त्यसको ५० प्रतिशत पूर्वाधार विकास (भवन, संस्थागत विकास) र ५० प्रतिशत उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्छ ।

उदाहरणका लागि एउटा सहकारीको एक करोड जगेडा कोषमा हुँदा उसले ५० लाख सम्मको एउटा प्रोजेक्ट बनाउन सक्छ । यसो गर्दा उ कहिल्यै पनि धराशायी हुँदैन ।

तर आफ्नो हिसाबले सेयर सदस्यको बचत चलाइयो भने धेरै सहकारी धराशायी हुन्छन्। त्यस कारण सदस्यको बचत चलाउनु हुँदैन । जगेडा कोषमा त ब्याज दिनु पर्दैन । संस्थागत पुँजी हेरेर काम गर्न दिनुपर्छ ।

**अहिले नयाँ व्यवस्था आएसँगै अन्यौलता पनि छाएको छ, कार्यविधि आएपछि स्पष्ट हुन्छ होला त ?**

कार्यविधि आएपछि स्पष्ट हुन्छ । हामीजस्तो बचत तथा ऋणको काम गर्ने सहकारीलाई काम गर्न बाटो खुलेको छ । सहकारीलाई कम्पनी खोल्न दिने व्यवस्था स्वागत योग्य छ ।

**त्यसो भए अब सहकारी उत्पादनतिर जान सक्छन्, यो प्रावधानले ? कार्यान्वयन हुन सक्दैन भन्ने पनि छन् ?**

तुरुन्तै कार्यान्वयनमा आउन कठिन छ । पहिला त कम्पनी ऐनमा सुधार गर्नुपर्छ । शिक्षा ऐन, स्वास्थ्य ऐन जस्ता यावत ऐनमा सुधार गर्नुपर्ने छ । सहकारीलाई यी क्षेत्रमा काम गर्न तुरुन्तै ती कानुन सुधार गर्नै पर्छ ।

स्वास्थ्य क्षेत्रमा काम गर्न खोज्यो, स्वास्थ्य ऐन वाधक छ । शिक्षामा जान खोज्यो, शिक्षा ऐन वाधक छ । विद्यालय खोल्नै पाइँदैन भन्ने छ । कहाँकहाँ बाधक छ, वाधा खोलेर अगाडि बढ्नुपर्छ । मुख्य कुरा कम्पनी ऐन बाधक छ, त्यो तुरुन्तै संशोधन हुनुपर्छ ।

**ऐन तुरुन्तै संशोधन हुने सम्भावना नभएपछि तत्काल कार्यान्वयन हुने स्थिति पनि देखिएन ?**

हो, हतारमा जान गाह्रो छ । बजेट वक्तव्यबाट मात्र त्यो सम्भव छैन । नीति, कार्यविधि, ऐन पनि सँगै संशोधन नगरी बजेट बक्तव्य कार्यान्वयन हुने देखिँदैन । बजेटलाई टेकेर यी ऐनहरू संशोधन गर्न ढिला गर्न हुँदैन । तर अहिलेको कुरा हामी स्वागत गर्छौं । अरू कुरा पनि सँग सँगै जानुपर्ने अवस्था छ ।

## (घ) सहकारी संस्थामा आवद्ध सदस्यहरुको जिम्मेवारी !

१) समयमा नियमित बचत बुझाउने ।
२) आफूलाई आवश्यक ऋण संस्थाबाट लिने ।
३) समयमा ऋणको ब्याज तथा साँवा बुझाउने ।
४) संस्थाको प्रत्येक साधारण सभामा सहभागी हुने ।
५) संस्थाको निर्वाचनमा स्वच्छ भावनाले सहभागी हुने ।
६) संस्थाबाट उपलब्ध गराईएका सेवाहरु उपभोग गर्ने ।
७) संस्थाको उद्देश्यबारे जानकारी लिने ।
८) सहकारी सिद्धान्त, मूल्य, मान्यताको जानकारी लिने ।
९) सस्था उन्नतितिर गएको छ वा छैन भन्नेवारे ध्यान दिने ।
१०) संस्थाका खराब आचरण भएकालाई सुधार गर्न इमान्दारी पूर्वक प्रयास गर्ने ।
११) आफ्नो संस्थाको राम्रो पक्षको प्रचारप्रसार गर्ने ।
१२) संस्थामा देखिएका समस्याको समाधान गर्नमा सक्रिय सहयोग गर्ने ।
१३) संस्थाको बारे फैलाइएका भ्रम निवारणको लागि प्रतिवाद तथा निवारण गर्न पहल गर्ने ।
१४) समय समयमा संस्थाले तोकिएका अन्य कुराहरुको पालना गर्ने ।

## (ङ) सहकारी चार मुख्य खाता

सहकारी संघ संस्थाहरुको आर्थिक तथा व्यवसायिक कारोवारमा निम्नानुसारका चार मुख्य खाताहरु प्रचलनमा रहेका छन् :

**दायित्व खाता**

सहकारी संघ संस्थाहरुले अरुलाई बुझाउनु पर्ने सबै प्रकारको हिसाव रकम यस खातामा चढाउनु पर्दछ। यसमा सदस्यहरुको शेयर पूंजि, वचत रकम, डिपोजिट रकम, धरौटी रकम, ऋण रकम, कसैलाई भुक्तानी दिनु पर्ने हिसाव लगायतका अन्य दायित्वहरु सहकारी लेखा तथा लेखापरीक्षण दिग्दर्शनरज्ञछ समावेश गरिएको हुन्छ। यस खातामा खर्च डेविट हुन्छ भने आम्दानी क्रेडिट हुन्छ। यसमा खर्च (डेविट), आम्दानी (क्रेडिट) र शेष (मौज्दात) गरी तीनवटा महलहरु र हेका हुन्छन्।

**सम्पति खाता**

यस खातामा सहकारी संघ संस्थाको स्वामित्वमा रहेको धनमाल, जायजेथा, सम्पति लगायत लगानी रकम, अरुवाट पाउनु पर्ने रकम आदि समावेश गरिएको हुन्छ। यसमा खास गरी संघ संस्थाको नाउमा रहेको नगद तथा बैंक मौज्दात, लगानी, ऋण दिएकोरकम, अरुवाट पाउनु पर्ने हिसाव, मेशिन, फर्निचर, घर जग्गा, सवारी साधन आदि हिसावहरु समावेश गरिएको हुन्छ। यसमा संघ संस्थाको सम्पति बृद्धि हुदा डेविट र घटदा क्रेडिट हुन्छ।

**सामान खरिद तथा खर्च खाता**

यस खातामा सहकारी संघ संस्थाले खरिद गर्ने सरसामान र सो को ढुवानीमा लाग्ने ज्याला तथा खर्च लगायत कार्यालय संचालन खर्चहरु- तलव, भत्ता, मर्मत, घरभाडा, धारापानी, विजुली, ब्याज खर्च, ह्रासकट्टि रकम, वैठक भत्ता, विविध आदि खर्चहरु समावेश गरिएका हुन्छन्। यस खाताको अन्त्यमा देखाइने कुल मौज्दात सामान्यतया क्रेडिट हुन्छ।

**सामान विक्री तथा आम्दानी खाता**

यस खातामा सहकारी संघ संस्थाले सरसामान र सेवा विक्रीवाट प्राप्त रकम लगायत लगानी तथा ऋणवाट प्राप्त ब्याज आम्दानी, ब्यापारी छुट सुविधा, संघ संस्थामा प्राप्त अनुदान, सदस्यता वा प्रवेश शुल्क, स्थिर सम्पति भाडामा दिए वापत प्राप्त रकम, हर्जना वापत प्राप्त रकम आदि आम्दानी समावेश गरिएको हुन्छ। यस खाताको अन्त्यमा देखाइने कुल मौज्दात सामान्यतया डेविट हुन्छ।